# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१-४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com




## सत्तारूढकै चर्को विरोध
## प्रमुख प्रतिपक्षी अध्ययनमा




जनचाहाना र आफ्नै प्रतिवद्धता अनुरु काम गर्न नसकेपछि आलोचना खेप्न बाध्य भएको सरकारले अदालतको आदेशको बहानामा सामाजिक सञ्जाल बन्द गर्नु घोर आपत्तिजनक

**शेखर कोइराला**
नेता, नेपाली कांग्रेस



सामाजिक सञ्जालको विषयमा सरकारले जुन निर्णय गरेको छ, त्यो गलत छ । सरकार उल्टो बाटो हिँड्यो

**गगन थापा**
महामन्त्री, नेपाली कांग्रेस



नियमनको प्रविधिको प्रबन्ध मिलाउने र कानुन बनाउने भनेथैं मैले । तर, सरकारले नर्थ कोरिया पो बनाउने भएछ । विकृति अन्त गर्न सूचनामा बिर्को लगाउने हैन नि

**गोकुल बास्कोटा**
पूर्वमन्त्री, नेकपा एमाले

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** सरकारले सामाजिक सञ्जाल बन्द गरेपछि सत्तारुढ दलकै नेताहरूले चर्को विरोध गरेका छन् । कांग्रेस संस्थापनइतरका नेता डा शेखर कोइरालाले सामाजिक सञ्जाल बन्द गर्न घोर आपत्तिजनक भएको बताएका छन् । 'जनचाहाना र आफ्नै प्रतिवद्धता अनुरू काम गर्न नसकेपछि आलोचना खेप्न बाध्य भएको सरकारले अदालतको आदेशको बहानामा सामाजिक सञ्जाल बन्द गर्नु घोर आपत्तिजनक छ,' बिहीबार साँझ फेसबुकमा कोइरालाले भनेका छन् ।

कांग्रेस महामन्त्री गगन थापाले यो निर्णय तुरुन्त सच्याउन माग गरेका छन् । 'सामाजिक सञ्जालको विषयमा सरकारले जुन निर्णय गरेको छ, त्यो गलत छ । सरकार उल्टो बाटो हिँडेको छ, यसलाई पुनर्विचार गरिनुपर्छ,' महामन्त्री थापाले भनेका छन् । डिजिटल अर्थतन्त्रजस्ता विषय मानिसको दैनिक जीवनीसँग जोडिएको विषय भएको उल्लेख गर्दै थापाले विवेक पुऱ्याउन सरकारसँग आग्रह गरेका छन् । 'सामाजिक सम्बन्ध, उद्यमशीलता, डिजिटल अर्थतन्त्र जस्ता विविध विषय र आम मानिसको दैनिकी सँग जोडिएको छ । सञ्जालमा लगाउने कुनै पनि प्रतिबन्धले अभिव्यक्ति स्वतन्त्रता र सूचनाको अधिकारलाई संकुचित पार्छ,' थापाले भनेका छन्, 'सामाजिक सञ्जाल बन्द गर्ने विषय साइबर जोखिमसँग समेत जोडिएको छ । हामीले यस विषयमा सन्तुलित र विवेकपूर्ण भएर सोच्नुपर्छ ।'

एमाले नेता एवं पूर्व सञ्चार मन्त्री गोकुल बाँस्कोटाले सरकार उत्तर कोरियाको बाटोतिर लागेको आरोप लगाए । सामाजिक सञ्जाल नियमन गर्नुपर्नेमा सूचनामै बिर्को लगाउन खोजिएको बाँस्कोटाको तर्क रहयो । 'नियमनको प्रविधिको प्रबन्ध मिलाउने र कानुन बनाउने भनेथैं मैले । तर, सरकारले नर्थ कोरिया पो बनाउने भएछ । विकृति अन्त गर्न सूचनामा बिर्को लगाउने हैन नि,' बाँस्कोटाले भनेका छन् ।

प्रमुख प्रतिपक्षी दल नेकपा माओवादी केन्द्रका प्रवक्ता अग्नि सापकोटाले भने सामाजिक सञ्जालहरू बन्द भएको विषयमा आफूहरू अध्ययनको क्रममा रहेको र अध्ययन सकेपछि धारणा सार्वजनिक गर्ने बताएका छन् । 'सामाजिक सञ्जालको बारेमा सरकारले निर्णय गरेको छ । नियमन त गर्नुपर्छ, तर सरकारका सम्पूर्ण निर्णयहरूको सारको अध्ययन गर्दा र सरकारका सम्पूर्ण अभिव्यक्ति र क्रियाकलाप हेर्दा यसबाट अभिव्यक्ति स्वतन्त्रता कुण्ठित हुन्छ कि जस्तो लागि रहेको छ,' बिहीबार पदाधिकारी बैठकपछि सापकोटाले भने, 'यसमा हामी निकै गम्भिरतापूर्वक अध्ययन गर्दैछौं ।

अध्ययन सकेपछि हामीले हाम्रो धारणाहरू राख्ने नै छौं । तर अहिले हामीलाई प्रथम दृष्टिमै के लागेको छ भने यो अभिव्यक्ति स्वतन्त्रता कुण्ठित गर्ने दिशातिर सरकार लागेको छ कि ?'

माओवादी अध्यक्ष पुष्पकमल दाहालको नेतृत्वमा रहेको सरकारले झन्डै एक वर्ष टीकटक बन्द गरेको थियो । २०८० कात्तिक २७ टीकटक बन्द गरेपछि सरकारको चौतर्फी आलोचना भएको थियो । त्यसपछि दाहाल नेतृत्वका सरकारले २०८१ भदौ २२ गते टीकटकमाथि लगाएको प्रतिबन्ध फुकुवा गरेको थियो ।

⏭ क्रमशः पृष्ठ २ मा

# सूचीकरणको नाममा सोसल मिडियामाथि सरकारको अंकुश

मिटिङ पनि भयो । त्यसमा उनीहरूले ठूलठूला कुरा गरे । नेपालको संविधान नमान्ने कुरा गरे । नेपालको कानुन नमान्ने कुरा गरे

**पृथ्वीसुब्बा गुरुङ**
सरकारका प्रवक्ता







■ **जेबी योञ्जन**

**काठमाडौं–** सूचीकरण नभएका फेसबुक, युटचुबलगायत सामाजिक सञ्जालका ठूला प्लेटफर्मलाई प्रतिबन्ध गर्ने सरकारी कदमले नागरिकको अभिव्यक्ति स्वतन्त्रता संकुचित हुने र साइबर अपराधलाई बढ्वा दिने चिन्ता प्रकट भएको छ ।

सामाजिक सम्बन्ध र सम्पर्कमा पनि त्यसको प्रत्यक्ष असर देखापर्ने ठानिएको छ । मिडिया अनुसन्धाता उज्वल आचार्य सामाजिक सञ्जालका माध्यममा निर्भर व्यवसाय र स्टार्टअप पनि प्रभावित हुने बताउँछन् । 'नेपालमा सोसल मिडियामा आधारित व्यवसायको ठूलै हिस्सा छ, त्यसलाई प्रभाव पर्ने भयो,' उनले प्रभावसँग भने ।

सरकारले बिहीबार सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा दर्ता नभएका सामाजिक सञ्जालका प्लेटफर्महरूलाई निष्क्रिय गर्ने निर्णय गरेको हो । ती प्लेटफर्म मेटा (फेसबुक), म्यासेन्जर, इन्स्टाग्राम, युटचुब, ह्वाट्सएप, एक्स् (ट्वीटर), लिंक्ड इन, स्न्याप च्याट, रेडिट, डिस्कर्ड, पिन्ट्रेस्ट, सिग्नल, थ्रेड, वी च्याट, कोरा, सम्ब्लर, क्लब हाउस, मास्टर डन, रम्बल, मि वी, मि भिके, लाइन, इमो, जालो, सोल र हाम्रो पात्रो हुन् ।

सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले यी प्लेटफर्मका सञ्चालकले नेपालको कानुन नमान्ने भन्दै ठूलठूला कुरा गरेको बताए । उनले पटकपटक दर्ताको लागि ताकेता गरेको तर कहिल्यै गम्भीर नभएको सुनाए ।

'मिटिङ पनि भयो । त्यसमा उनीहरूले ठूलठूला कुरा गरे । नेपालको संविधान नमान्ने कुरा गरे । नेपालको कानुन नमान्ने कुरा गरे,' मन्त्री गुरुङले भने, 'हामीले बनाइरहेको सामाजिक सञ्जालको बदख्वाइँ गरे । त्यसको बीचमा पनि हामीले सहेकै थियौं ।'

एक प्रतिवेदनका अनुसारमा नेपालमा २०२४ को जनवरीसम्म इन्टरनेट प्रयोगकर्ताको संख्या एक करोड ५४ लाख थियो । त्यसमध्ये सामाजिक सञ्जाल प्रयोगकर्ताको संख्या एक करोड ३५ लाख अधिक छ । त्यसमा पनि फेसबुक प्रयोगकर्ताको संख्यामात्रै एक करोड २६ लाख बढी देखिएको थियो । यतिधेरै प्रयोगकर्ता भएको फेसबुकसँगै युटचुब, म्यासेन्जर, इमोलगायत प्लेटफर्म निष्क्रिय हुँदा घरमा भएका परिवारसँग घरबाहिर (स्वदेश/विदेश)मा भएका परिवारका अन्य सदस्यको सम्पर्क टुट्ने देखिएको छ । उनीहरूले सम्पर्कको माध्यम नै गुमाउने देखिएको मिडिया अनुसन्धाता आचार्यले बताए ।

'सामाजिक सञ्जाललाई हाम्रोमा सञ्चारमाध्यमको रूपमा प्रयोग गर्छौं, अझ भनौं परिवारको ठूलो हिस्सा विदेशमा रहनेहरूको त सम्पर्क माध्यम नै सामाजिक सञ्जाल नै हुन्,' उनले प्रभावसँग भने, 'अब उनीहरूले सम्पर्क गर्ने माध्यम गुमाउने भए ।'

कतिपय नेपाली प्रयोगकर्ताहरूले सामाजिक सञ्जालमाथिको प्रतिबन्धले अभिव्यक्ति स्वतन्त्रता कुण्ठित भएको गुनासो गरेका छन् ।

⏭ क्रमशः पृष्ठ २ मा

### बन्द गरिएका सामाजिक सञ्जाल

मेटा (फेसबुक), म्यासेन्जर, इन्स्टाग्राम, युटचुब, ह्वाट्सएप, एक्स् (ट्वीटर), लिंक्ड इन, स्न्याप च्याट, रेडिट, डिस्कर्ड, पिन्ट्रेस्ट, सिग्नल, थ्रेड, वी च्याट, कोरा, सम्ब्लर, क्लब हाउस, मास्टर डन, रम्बल, मि वी, मि भिके, लाइन, इमो, जालो, सोल र हाम्रो पात्रो

### सञ्चालित

टिकटक, भाइबर, निम्बुज, वीटक र ओपोलाइट ।

### प्रतिबन्धले पाँच चिन्ता

- अभिव्यक्ति स्वतन्त्रता संकुचन हुने
- भीपीएन प्रयोग गर्दा साइबर अपराधको जोखिम बढ्ने
- पारिवारिक सम्बन्ध विच्छेद हुने
- सामाजिक सञ्जालमा निर्भर व्यवसाय प्रभावित हुने
- स्टार्टअपमा धक्का पुग्ने

### सरकारको अल्टिमेटम

१५ मंसिर २०८०
२५ भदौ २०८१
२१ माघ २०८१
७ चैत २०८१
१२ भदौ २०८२

**सन्दर्भः वैदेशिक रोजगार**

# दुई लाख तिरेर क्रोएसिया उड्नै लाग्दा भिजा नक्कली ठहरिएपछि...

## विभाग भन्छ : नियमन गर्ने संयन्त्रै छैन, व्यक्ति आफैं सजग हुनुपर्छ

- सामाजिक सञ्जाल फेसबुकमा भेटिएको विज्ञापनले क्रोएसिया उड्न लागेका तीन जनाको भिजा नक्कली ठहर
- भिजा नक्कली प्रमाणित भएसँगै क्रोएसियाबाट जोडिएका एजेन्ट सम्पर्कबिहीन
- श्रम स्वीकृति दिने वैदेशिक रोजगार विभागको गैरजिम्मेवार जवाफ– हामी भिजा विज्ञ होइनौं । हामीसँग जाँच्ने संयन्त्रै छैन

■ **ममता थापा**

**काठमाडौं–** धनुषाको मिथिला नगरपालिका–८ का चन्दन सिंह वैदेशिक रोजगारीमा जान विभिन्न संस्था धाउन थालेको दुई वर्ष भयो । घरको समस्या सल्टाउन सक्दो चाँडो विदेश उड्ने नीति लिएर सिंह म्यानपावरदेखि कन्सलटेन्सी धाए ।

तर सिंहले सोचे झैं ती संस्थाबाट काम अघि बढेन । यही मेसोमा २४ वर्षीय सिंहको ध्यान सामाजिक सञ्जाल फेसबुकमा भेटिएको विज्ञापनले तान्यो । युरोपियन मुलुक क्रोएसियाका लागि कामदार मागिएको थियो । उनी कमेन्ट हुँदै मेसेन्जरमार्फत एजेन्टसँग जोडिए ।

कम्पनीबाट प्रक्रिया पनि शुरु भयो । उनको करार आएसँगै वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति पनि लिए । झन्डै दुई लाख खर्च गरिसकेपछि उनी विदेश उड्न तयार भए । तर त्यहीबेला भिजा नक्कली प्रमाणित भयो अनि एजेन्ट पनि सम्पर्कबिहीन बने । जबकि श्रम स्वीकृतिदेखि सबै प्रक्रियामा उनलाई बोलाइएको कम्पनीको नाम, ठेगाना आधिकारिक नै थियो ।

चन्दनको श्रम स्वीकृति आएको देखेर चिनजानका दुई जनाले पनि प्रक्रिया अघि बढाए । झापाका ३७ वर्षीय घनश्याम दाहाल र सल्यानका २१ वर्षीय विष्णुप्रताप केसी पनि त्यही काम र त्यही कम्पनीमै जाने तयारीमा थिए । उनीहरूको पनि भिजा आयो ।

तर सिंहको भिजा नक्कली प्रमाणित भएपछि उनीहरू अलमलमा परेका छन् – दुई दुई लाख फसिसक्यो, अब के गर्ने ?

⏭ क्रमशः पृष्ठ २ मा





### 'हामीसँग संयन्त्र छैन, आफैं सजग बनौं'

भिजा सही हो/होइन भनेर विभागले छुट्याउन नसक्ने भएर भिजा लिएर आउने व्यक्ति स्वयम्लाई थाहा हुनुपर्ने वैदेशिक रोजगार विभागको भनाइ छ । कम्पनीले पेश गरेको भए कम्पनी जवाफदेही हुने र व्यक्तिले पेश गरेको भए व्यक्ति जवाफदेही हुने विभागका प्रवक्ता चन्द्रबहादुर सिवाकोटी बताउँछन् ।

'हामीले त अपलोड भएका कागजातको आधारमा सम्बन्धित व्यक्तिले सम्बन्धित ठाउँबाट भिजा प्राप्त गरें, यसको सम्पूर्ण जिम्मेवार म हुन्छु भनेर निवेदन हालेपछि श्रम स्वीकृति दिने हो । त्यसको जवाफदेही विभाग हुँदैन नि,' सिवाकोटीले भने, 'भिजा विज्ञ हामी होइनौं । हामीसँग संयन्त्रै छैन । सम्बन्धित व्यक्ति आफैं सजग हुनुपर्छ ।'






जनहितमा जारी सन्देश
प्रभाव दैनिक | www.prabhabonline.com | प्रभाव पब्लिकेसन प्रा.लि. कामपा-७, सिफल, काठमाडौं

पृष्ठ १ बाट क्रमश:

## सूचीकरणको...

प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको क्षेत्रमा बहस र पैरवी गर्ने व्यक्ति तथा निकायहरूले त सरकारको यस्तो कदमले नेपालको लोकतान्त्रिक छवि नै धुमिल भएको टिप्पणी गरेका छन् । त्यसो हुनाले सामाजिक सञ्जालका प्लेटफर्महरूमाथि प्रतिबन्ध लगाउने सरकारी निर्णयप्रति असहमति जनाएका छन् । नेपाल पत्रकार महासंघले विज्ञप्ति जारी गर्दै भनेको छ, 'नेपालमा दर्ता सूचीकरण नभएका सामाजिक सञ्जाल बिहीबारदेखि नै बन्द गर्ने सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको निर्णयले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतामा संकुचन ल्याउने देखिएकोले सरकारी निर्णयप्रति महासंघ असहमति जनाउँदा छ ।' कुनै विकल्पबिना सामाजिक सञ्जाल बन्द गर्दा नागरिकको सूचनाको हकसमेत प्रभावित हुन सक्ने पक्षलाई सरकारले ध्यान दिन नसकेको भन्दै महासंघले आपत्ति जनाएको छ ।

प्रमुख विपक्षी नेकपा माओवादी केन्द्रले पनि सामाजिक सञ्जाल बन्द गरेर सरकारले अभिव्यक्ति स्वतन्त्रता कुण्ठित गर्न खोजेको आशंका गरेको छ । 'यसबारेमा हामीले गम्भीरतापूर्वक अध्ययन गर्दैछौँ । अध्ययन गरेर हाम्रो धारणा सार्वजनिक गर्छौं, तर हाम्रो प्रथम दृष्टिमै अभिव्यक्ति स्वतन्त्रतालाई कुण्ठित गर्नतिर सरकार उद्धत भएको देखियो,' बिहीबार पदाधिकारी बैठकपछि पत्रकारहरूसँग प्रवक्ता अग्निप्रसाद सापकोटाले भने ।

अर्को विपक्षी राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद अशोक चौधरीले त प्रतिनिधिसभा बैठकमै आपत्ति जनाएका थिए । उनले नागरिकको अभिव्यक्ति स्वतन्त्रतालाई कुण्ठित गर्ने मनसायले सरकारले सामाजिक सञ्जालका प्लेटफर्महरूलाई नेपालमा प्रतिबन्ध लगाएको बताएका थिए । उनले प्रतिबन्ध लगाउन नहुने मत राखेका थिए ।

सत्तारुढ दल कांग्रेसकै महामन्त्री गगन थापा, राप्रपा प्रवक्ता मोहन श्रेष्ठलगायत नेताले सरकार नागरिकको आवाज थुन्ने दिशामा उन्मुख भएको भन्दै आलोचना गरेका छन् ।

उसो त सरकारले सामाजिक सञ्जाल सञ्चालकहरूलाई दर्ताका लागि पाँचपटक समयसीमा तोकेको थियो । पहिलोपटक १५ मंसिर २०८० मा सञ्चार मन्त्रालयमा दर्ता हुन निर्देशन दिएको थियो । त्यसपछि २५ भदौ २०८१, २१ माघ २०८१, ७ चैत २०८१ र १२ भदौ २०८२ मा दर्ताका लागि पत्राचार गरेको थियो ।

पत्राचारका आधारमा टिकटक, भाइबर, निम्बुज, वीटक र ओपोलाइट गरी पाँच प्लेटफर्म सूचीकरण भइसकेका छन् । टेलिग्राम र ग्लोबल लिंक दर्ता प्रक्रियामा छन् ।

तर, दर्ताका लागि फेसबुकलगायत माध्यमले अटेर गरे । यसपछि सरकारले निर्मम कदम चालेको देखिएको छ । यस्तो कदम चाल्न सरकारलाई सर्वोच्च अदालतको परमादेशले पनि आड दियो ।

हालै न्यायाधीशहरू टेकप्रसाद ढुंगाना र शान्ति सिंह थापाको संयुक्त इजलासले नेपालभित्र प्रसारण गर्ने विदेशी प्रसारण संस्थाले अनुमति लिनुपर्ने र त्यसो नगरे बन्देज लगाउन सरकारको नाममा निर्देशनात्मक परमादेश जारी गरेको थियो ।

यसअघि सर्वोच्चले नै सामाजिक सञ्जाल दर्ता गरेर मात्र चलाउन सरकारको नाममा आदेश जारी गरेको थियो । तत्कालीन प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठसहित नौ न्यायाधीशको बृहत् पूर्ण इजलासले 'डार्क फाइल' भनेर प्रसारण गर्ने 'सिधाकुरा डटकम' विरुद्धको अदालतको अवहेलना मुद्दामा यस्तो आदेश जारी गरेको थियो । अदालतले यही मुद्दामा डिजिटल मिडिया र सामाजिक सञ्जालको बढ्दो प्रभावलाई जिम्मेवार र जवाफदेही बनाउन दर्ताको कानुनी प्रबन्ध आवश्यक रहेको ठहर गरेको छ ।

बिहीबार सरकारले फेसबुकलगायत प्लेटफर्मलाई निष्क्रिय गर्ने निर्णय गर्दा सर्वोच्चको यिनै आदेशलाई पनि आधार बनाएको देखिन्छ । सरकारका अनुसार सूचीकृत नहुँदा सामाजिक सञ्जालका प्लेटफर्महरू स्थानीय स्तरमा जवाफदेही भइरहेका छैनन् । सरकारकै आग्रहसमेत अटेर गर्ने, प्रहरी र प्रशासनसँग समन्वय नगर्दा साइबर अपराधका घटनामा अनुसन्धानसमेत जटिल हुने गरेको छ ।

सञ्चारमन्त्री पृथ्वीसुब्बा गुरुङले हालै भनेका छन्, 'सूचीकृत नभएका कारण सरकारले सामाजिक सञ्जालमा पोस्ट भएका हेट स्पिच, फेक न्युज, डिपफेक र साइबर बुलिङजस्ता हानिकारक सामग्रीलाई मोडरेट वा फिल्टर गर्न सकेको छैन ।' त्यसो हुँदा साइबर अपराधका घटना बढ्नुका साथै सामाजिक तथा धार्मिक सद्भावमा पनि खलल पुगेको गुरुङको भनाइ थियो ।

यिनकै आधारमा सरकारले सामाजिक सञ्जाल नियमन निर्देशिका २०८० जारी गरेर दर्ताका लागि आह्वान गरेको थियो । निर्देशिकामा नेपालभित्र सम्पर्क बिन्दु र गुनासो सुन्ने अधिकारीको व्यवस्था गर्नुपर्ने उल्लेख छ । उक्त निर्देशिका प्रधानमन्त्री पुष्पकमल दाहाल र सञ्चारमन्त्री रेखा शर्मा हुँदा जारी भएको हो ।

साइबर सुरक्षा विज्ञ तथा नेपाल प्रहरीका पूर्वडिआईजी डा. राजीव सुब्बाले सामाजिक सञ्जालमाथिको प्रतिबन्धले साइबर सुरक्षाको जोखिम बढ्ने बताएका छन् । उनका अनुसार, प्रतिबन्धका बीच लत बसेका प्रयोगकर्ताहरूले भीपीएनको प्रयोग गर्न सक्छन्, जुन कमजोर सुरक्षा प्रणाली भएको एप हो । यसलाई असुरक्षित मानिन्छ । डा. सुब्बा भन्छन्, 'नि:शुल्क भीपीएनहरूले प्रयोगकर्ताको स्क्रिनसट, कीबोर्ड डेटा, र पासवर्ड संकलन गर्न सक्छन् । यसले त बैंकिङ ठगी र साइबर अपराध त्यसै बढाउँछ नि ।'

यसअघि सरकारले टिकटकलाई प्रतिबन्ध लगाउँदा नेपाली प्रयोगकर्ताहरूले भीपीएन प्रयोग गरेका थिए । त्यसलाई सरकारले असुरक्षित र गैरकानुनी भनेको थियो । तर, त्यसबेला प्रयोगकर्ताहरूले प्रयोग गर्न छाडेनन् ।

■■■

## सत्तारूढको चर्को...

राष्ट्रिय स्वतन्त्र पार्टीका महामन्त्री कबिन्द्र बुर्लाकोटीले सामाजिक सञ्जालमाथि लगाएको प्रतिबन्धले निरंकुशताको आभाष भएको प्रतिक्रिया दिए । सर्वसाधारणको दैनिकी बनिसकेको सोसल मिडियामा प्रतिबन्ध लगाएर सरकारले ठुलो भुल गरेको बुर्लाकोटीको दाबी छ । 'सोसल मिडिया हाम्रो दैनिकी बनिसकेको छ । सरकारले निरंकुशताको आभाष हुने गरी हठात बन्द गरेको छ,' बुर्लाकोटीले भने ।

■■■

## दुई लाख...

क्रोएसियाका एजेन्टले उनीहरूलाई चार जना फरकफरक व्यक्तिको खातामा रकम पठाउन लगाएको भेटिएको छ । एजेन्टसँग ह्वाट्सएपमार्फत सम्पर्क बढाएको उनीहरू बताउँछन् । ती नेपाली एजेन्ट कहाँका हुन्, को हुन् भन्ने कुनै प्रमाण आफूहरूसँग नरहेको सिंहले सुनाए । उनको ह्वाट्सएपमा नम्बरअनुसार फरक नाम र फोटो भेटिएको पीडित युवाले बताए । ती

### कसरी भयो ठगी ?

चन्दनले 'सगर्दा एचआर सोलुसन' नामको पेज फेसबुक पेजमार्फत प्रक्रिया अघि बढाएका थिए । उक्त पेजमा क्रोएसियाका लागि कामदार माग भएको सूचना थियो । एजेन्टले ह्वाट्एपमार्फत नम्बर दिएपछि कुराकानी सुरु भयो । सिंहले सुपरमार्केटमा काम मिलाउन भन्दै प्रक्रिया थालेका थिए । 'एजेन्सीले क्लिनिङमा मात्र डिमान्ड दिन्छ । उता गएपछि भनेकै काम मिल्छ भनेको थियो,' सिंहले भने ।

त्यसपछि क्रोएसियाबाटै श्रम स्वीकृति आयो । सबै कागजात ठीकठाक लागेपछि उनले वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति पनि गराए । म्यानपावर र कन्सलटेन्सी धाएर थाकेका सिंहको यही कम्पनीबाट भने छिटछिटो काम बन्यो । भिजा पनि सोचेभन्दा चाँडै हात लाग्यो । 'भिजा हातमा पर्नेबित्तिकै मलाइ शंका लाग्यो । मेरो भिजाको मेसिन रिडेबल जोन (एमआरजेट) र क्रोएसियामा भएको साथीको भिजा फरक थियो । त्यहाँ भिजा नम्बर, जन्ममिति, जेन्डर, एक्सपायरी डेट र इस्यू डेट हुन्छ । यसको सिक्वेन्स मिलेको थिएन,' उनले भने, 'एउटा स्पेस हुने ठाउँमा दुई वटा स्पेस, एरोको साइज अन्य अंकजत्रै हुनुपर्ने ठाउँमा सानो छ । कपीपेस्ट गरेजस्तो डार्क पनि देखेँ । मेरो भिजामा किन फरक छ भनेर सोधेँ । एजेन्टले एक वर्ष अघिको र अहिलेको फर्म्याट चेन्ज भइहाल्छ नि भन्यो ।'

एजेन्टले कम्पनीमा कामदार अभाव भएकाले छिटो काम हुने बताउँदै पैसा तिर्न दबाव दिन थाले । सिंहले अरु साथीलाई पनि भिजा सक्कली हो या नक्कली भनेर जाँच्न लगाए । साथीहरूले भिजा नक्कली भएको दाबी गरे । तर एजेन्टले भने नक्कली नभएको दाबी जारी राखे । भारतस्थित दूतावासबाट भिजा जाँच गराएपछि मात्र आफूले थप पैसा तिर्ने सिंहको अडानपछि एजेन्टले पोखरामा भएको आफ्नो साथीसँगै दूतावास जान तयारी गरे । भदौ १८ गतेका लागि दूतावासमा समय लिइएको थियो । त्यसयता ती एजेन्ट सम्पर्कविहीन छन् ।

# फोहोर व्यवस्थापनमा धनगढीको अभ्यास अनुकरणीय

**धनगढी (प्रस)**– हरेक सहरमा चुनौती बनेको फोहोर व्यवस्थापन पोखरा महानगरपालिका र धनगढी उपमहानगरपालिकाबीचको सहकार्य तथा धनगढीको अभ्यासलाई अनुकरणीय मानिएको छ । धनगढीले एकपटक प्रयोग भएपछि फालिने प्लास्टिकमाथि प्रतिबन्ध लगाएको छ । फोहोर व्यवस्थापनका सम्बन्धमा दुवै स्थानीय तहबीच मंगलबार धनगढीमा भएको परियोजनाको प्रस्तुतीकरणको अनुभव साटासाटका क्रममा सहभागी वक्ताले फोहोरको उचित व्यवस्थापनमार्फत आयआर्जनका गतिविधि एवं रोजगारी सिर्जना गर्नुपर्नेमा जोड दिएका छन् ।

धनगढी उपमहानरपालिकाका प्रमुख गोपी हमालले सरसफाइलाई पालिकाको गौरवको योजनाका रूपमा अगाडि बढाएको बताए । 'सडक, पुल, भवन नभई हाम्रो गौरवको योजना फोहोर व्यवस्थापन र सरसफाइ हो,' उनले भने, 'स्थानीय तहको कम प्राथमिकतामा पर्दै आएको फोहोर व्यवस्थानलाई हामीले पहिलो प्राथमिकता दिएका छौं, त्यहीअनुसार वार्षिक बजेट र कार्यक्रम तय गरिएको छ ।' उनले व्यक्ति र समुदायलाई फोहोर नगर्ने बानीको विकास गर्न सकिएमा फोहोर व्यवस्थापनमा देखिएको जटिलता कम हुने बताए । नगरप्रमुख हमालले प्लास्टिकजन्य फोहोर फैलन नदिन गुट्खालगायत एकपटक प्रयोग भएपछि फालिने प्लास्टिकलाई प्रतिबन्ध लगाइएको बताए ।

---

**Karnali Province Government**
**Ministry of Industry, Tourism, Forest & Environment**
**Province Forest Directorate**
**Division Forest Office Surkhet**
**Birendranagar, Surkhet**

## INVITATION FOR BIDS (IFB)

**First date of publication: - 05 September 2025 (2082/05/20)**

Division Forest Office Surkhet, Birendranagar invite following electronic bids from eligible Nepalese Bidders under National Competitive Bidding.

1. The details of the project is as follows:

| S.N. | Contract No. | Description of Work | Total Estimated Amount Without VAT & PS (NRs.) | Bid Security Amount (NRs.) and Validity | Bid Document Fee (NRs.) | Bid Security Validity Period | Last Date of Bid Submission |
|---|---|---|---|---|---|---|---|
| 1 | DFO/ Surkhet/ Works/NCB-01/082/083 | Construction of Birendranagar Sub-Division Forest Office Building | 3267698.30 | 95000 | 3000 | 90 days/120 days from last date of bid submission | 05 October. 2025 (2082/06/19) until 12:00 PM |
| 2 | DFO/ Surkhet/ Works/NCB-02/082/083 | Construction of Park at South Side of Chief Minister Resident (CM Park) | 3399615.62 | 98000 | 3000 | 90 days/120 days from last date of bid submission | 05 October. 2025 (2082/06/19) until 12:00 PM |

2. Eligible Bidders may obtain further information from PPMO's website **www.bolpatra.gov.np/egp**.

---

**कुमाख गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**रागेचौर, सल्यान**
**कर्णाली प्रदेश, नेपाल**

## कर्मचारी आवश्यकता सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति: २०८२/०५/२० गते)**

नेपाल सरकार, फिनलयाण्ड सरकार तथा यस कुमाख गाउँपालिकाको संयुक्त सहकार्यमा यस कुमाख गाउँपालिकामा सञ्चालन हुने सबैका लागि दिगो खानेपानी, सरसफाई तथा स्वच्छता (SUSWA) परियोजनाका लागि देहाय बमोजिमका पदमा सेवा करार पदपुर्ती गर्नका लागि तपसिल बमोजिम योग्यता पुगेका नेपाली नागरिकहरुबाट आफ्नो वैयक्तिक विवरण र निवेदन सहित सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र कार्यालय समयमा यस कार्यालयमा दरखास्त पेश गर्नुहुन वास व्यवस्थापन समितिको मिति २०८२/०५/१४ को निर्णयानुसार यो सुचना प्रकाशन गरिएको छ ।

| क्र. सं. | विज्ञापन नम्बर | पद | संख्या |
|---|---|---|---|
| १ | SUSWA–१-२०८२/०८३ | ग्रामिण खानेपानी सेवा सहायता केन्द्र (SSC) सहजकर्ता | १ (एक जना ) |

१. **आवश्यक न्यूनतम् योग्यता तथा अनुभव:**

१.१ **ग्रामिण खानेपानी सेवा सहायता केन्द्र सहजकर्ता** (SSC) (SUSWA-**१-२०८२/०८३, आवश्यक संख्या:- १ (एक))**

- सिभिल इन्जिनियरिङमा, प्रि डिप्लोमा/टि एस एल सी उतिर्ण गरी ग्रामिण खानेपानी तथा सरसफाई क्षेत्रमा ५ बर्षको कार्य अनुभव र
- डिप्लोमा तह उतिर्ण गरी ग्रामीण खानेपानी तथा सरसफाईको क्षेत्रमा ३ वर्षको कार्य अनुभव भएको ।
- खानेपानी आपूर्ति पूर्वाधारको मर्मत सम्भार वा नेपालको ग्रामीण क्षेत्रहरुमा खानेपानी आपूर्ति र सरसफाई गतिबिधिहरुको अनुगमन र कार्यान्वयनमा अनुभव ।
- तथ्यांक व्यवस्थापन र तथ्यांक विश्लेषणमा अनुभव ।
- वाससँग सम्बन्धित नयाँ आद्यावधिक नीति र कार्यविधिहरुको ज्ञान र जानकारी कायम राख्ने ।
- ऊर्जावान र सबै प्रकारका खानेपानी योजना र सरसफाइ गतिविधिहरुको सर्वेक्षण सम्बन्धी सीप भएको ।
- मर्मत गर्नुपर्ने ग्रामीण खानेपानी प्रणालीको Functionality सर्वेक्षण, लागत अनुमान र कार्य सम्पन्न मूल्यांकन नापी किताब तयार गर्न सक्षम ।
- स्थानीय संयन्त्रको राम्रो बुझाई, अनुभव, खानेपानी तथा सरसफाइ र सामुदायिक पूर्वाधारहरुको अनुभव ।
- लैगिंक समानता र सामाजिक समावेशीकरण प्रति प्रतिवद्धता ।
- परिणाम उन्मुख व्यक्तित्वरमासिक कार्य योजना बमोजिम कार्य गर्न प्रतिवद्ध ।
- राम्रो पारस्परिक र अन्तर साँस्कृतिक दक्षता ।
- Microsoft Excel, Word, Power Point मा कम्प्यूटर सीपहरुमा दक्ष ।
- आधारभूत तथ्यांक विश्लेषण र रिपोर्ट लेखनमा सक्षम ।
- N-Wash सम्बन्धी ज्ञान तथा फिल्ड स्तरमा Apps Handling गर्न सक्ने सीप भएको ।

२. **दरखास्त दिने स्थान:** कुमाख गाउँपालिका कार्यालय, रागेचौर सल्यान ।

३. **दरखास्त दिने अन्तिम मिति:** २०८२/०६/०३

४. **आवेदन दस्तुर:** रू ७०० (अक्षरेपी सात सयमात्र) गाउँपालिकाको कुमाख गा पा को आन्तरिक राजश्व खाता नं ०५९०७७९७६३००११ मा जम्मा गरेको भौचर संलग्न राख्नुपर्ने छ ।

५. **छनौटको किसिम:** प्रारम्भिक योग्यता क्रमको सूची प्रकाशन, लिखित तथा मौखिक परीक्षा र कम्प्युटर परीक्षण गरिने छ ।

६. **पाठ्यक्रम:** तोकिए बमोजिम ।

७. **आवेदनका साथ संलग्न राख्नु पर्ने कागजातहरू:** आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिमका कागजातहरुको प्रतिलिपी अनिवार्य पेस गर्नुपर्नेछ

क) नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि
ख) शैक्षिक योग्यताका प्रमाणपत्रहरुको प्रतिलिपि
ग) कामसँग सम्बन्धित अनुभवका कागजातहरुको प्रतिलिपि
घ) वैयक्तिक विवरण (बायोडाटा) का कागजातहरु
ङ) कामसँग सम्बन्धित तालिमका प्रमाणपत्रहरुको प्रतिलिपि र अन्य माग भए बमोजिमको विवरण वा कागजातहरु।

७. **सेवा सुविधा:** नियम तथा कार्यक्रम अनुसार ।

८. **कार्यविवरण:** तोकिए बमोजिम ।

९. **अन्य:** दरखास्त फाराम तथा अन्य थप जानकारीको लागि गाउँपालिकाको Website: http://kumakhmun.gov.np मा हेर्न वा ९८६६९२१३५९ मा सम्पर्क राख्न सकिनेछ । साथै म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कार्वाही गरिने छैन ।

# मानव बेचबिखन तथा ओसारपसारका घट्ना बढ्दै

■ प्रभाव संवाददाता

**काठमाडौं–** मानव बेचबिखन तथा ओसारपसारका घटना बढ्दै गएका छन् । महिला, बालवालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका अनुसार आर्थिक वर्ष २०८१/८२ मा नेपाल प्रहरीले १२७ जना पीडित/प्रभावितलाई विदेश र स्वदेशका विभिन्न स्थानवाट उद्धार गरेको छ ।

दशवटा जिल्लामा रहेका पुनर्स्थापना केन्द्रहरूमार्फत ७५८ र सोही जिल्लाका विभिन्न संघसंस्थामार्फत दुई हजार ७३२ जना गरी जम्मा तीन हजार ४९० जना पीडित/प्रभावितको उद्धार र पुनर्स्थापना गरिएको मन्त्रालयले बुधबार सार्वजनिक गरेको 'मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय प्रतिवेदन २०८१' मा उल्लेख छ ।

यसैगरी, नेपाल-भारत सीमा नाकालगायत विभिन्न स्थानमा रहेका संघसंस्थाका सूचना केन्द्रहरूले सीमा सुरक्षा तथा चेक प्वाइन्टमा कार्यरत नेपाल प्रहरी, सशस्त्र प्रहरी बललगायतका निकायको सहयोगमा दुई हजार ७६६ जना (६४.३ प्रतिशत) महिला, एक हजार ४३६ जना (३३.४ प्रतिशत) बालिका, १५ जना (०.४ प्रतिशत) पुरुष र ८३ जना (१.९ प्रतिशत) बालक गरी जम्मा चार हजार ३०० जनालाई मानव बेचबिखन तथा ओसारपसारका लागि जोखिम भनी प्रारम्भिक पहिचान गरी उद्धार र फिर्ती गरिएको मन्त्रालयले जानकारी दिएको छ ।

ती सूचना केन्द्रहरूले कूल ७७ हजार ५०० जनालाई मानव बेचबिखन र मानव तस्करीका विरुद्धमा परामर्श सेवा प्रदान गरेको मन्त्रालयका प्रवक्ता चक्रबहादुर बुढाले जानकारी दिए ।

यसैगरी, गत आर्थिक वर्षमा १७ जना बालिका बेचबिखनमा र ४६ जना बालिका अपरहणमा परेका, देशभर छ हजार ५९० जना बालबालिका (बालिका ७२ प्रतिशत र बालक २८ प्रतिशत) हराएकामा नेपाल प्रहरी, बालबालिका खोजतलास केन्द्र र बाल हेल्पलाइनसमेतको सहयोग र समन्वयमा खोजतलास गरी ५.८३१ लाई फेला पारी पारिवारिक पुनर्मिलन गरिएको छ ।

प्रवक्ता बुढाले मानव बेचबिखनविरुद्धको राष्ट्रिय नीति तथा राष्ट्रिय कार्ययोजनाको मस्यौदा निर्माण गरी संघ, प्रदेश र स्थानीय तहमा सरोकार भएका निकाय, नागरिक समाजका संघ संस्था तथा पीडित/प्रभावितहरूसँग छलफलका आधारमा परिमार्जन गरी अन्तिम रूप दिने प्रयास भएका जानकारी दिए ।

समुदाय-प्रहरी साझेदारी कार्यक्रमअन्तर्गत मन्त्रालयले ७५३ वटै स्थानीय तहमा करिब २४ हजार साझेदारी समितिहरू गठन भई महिला हिंसा, लागुऔषध, साइबर अपराध, विपद्‌लगायत सवारी दुर्घटना न्यूनीकरणका साथै जबर जस्ती करणी, मानव बेचबिखन, आत्महत्या, बालविवाह, बहुविवाह, दाइजो प्रथाविरुद्ध जनसमुदायमा सचेतना अभिवृद्धि गरेको छ । यस्तै, विद्यालय सम्पर्क कार्यक्रम, सामाजिक अपराध न्यूनीकरण, समुदाय र प्रहरीबीच खेलकुद कार्यक्रम, आगलागी न्यूनीकरणलगायत कार्यक्रम रूपमा सञ्चालनमा रहेका मन्त्रालयले जानकारी दिएको छ ।

# प्रचारप्रसार अभावले ओझेलमा 'इको म्युजियम'

**मुस्ताङ–** यहाँको घरपझोङ गाउँपालिका-३ स्थित पुथाङ विमानस्थल नजिकै पाखोमा 'मुस्ताङ इको म्युजियम' सञ्चालनमा छ । जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका) र राष्ट्रिय प्रकृति संरक्षण कोष, अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप)को संयुक्त लागत साझेदारीमा यहाँ सन् १९९७ मा 'म्युजियम' स्थापना गरिएको हो ।

सुरुआती चरणमा जाइकाले एक्याप जोमसोमलाई म्युजियमको स्वामित्व हस्तान्तरण गरेको थियो । एक्यापले सञ्चालनको जिम्मा पुथाङ आमा बहुउद्देश्यीय सहकारी संस्थाको टोलीलाई जिम्मा दिएको थियो । दुई तले भवनमा सञ्चालनमा रहेको यो म्युजियम वि.सं. २०७२ को महाभूकम्पले क्षति तुल्याएको थियो । त्यसपछि सात वर्षसम्म म्युजियम बन्द भयो । पुनर्निर्माण हुन नसकेपछि एक्यापले वि.सं. २०७६ मा घरपझोङ गाउँपालिकालाई स्वामित्व हस्तान्तरण गर्‍यो । गाउँपालिकाले भौतिक संरचनालाई पुनर्निर्माण गरेको थियो ।

तत्पश्चात् गाउँपालिकाले पुथाङ आमा बहुउद्देश्यीय सहकारी संस्थालाई नै वार्षिक ५० हजार रूैयाँ भाडा बुझाउनेगरी जिम्मा दिएको छ । हाल संस्थाले दुई जना कर्मचारी राखेर म्युजियम सञ्चालन गरिरहेको त्यहाँ कार्यरत नारायणी गुरुङले जानकारी दिए । उचित व्यवस्थापनको अभावमा स्थापनाको २८ वर्ष पुग्दा म्युजियम ओझेलमा पर्न थालेको उनको भनाइ छ ।

व्यवस्थापन र आवश्यक प्रचारप्रसारको अभावमा अपेक्षा गरिएअनुरू पर्यटक भित्र्याउन नसकिएको धेरैको गुनासो छ । बर्सेनि वैशाख, जेठ, असोज र कात्तिक महिनामा भने यहाँ आउनेको संख्या केही बढ्ने गरेको गुरुङले बताए ।

'केही प्रयास नभएका होइनन्, म्युजियमको विशेषता झल्काउने 'ब्रोसर' निर्माण गरी पर्यटन व्यवसायीलाई वितरण गरिएको छ । विभिन्न खोजअनुन्धानकर्ताका लागि उपयोग हुने खालका सामग्रीहरू व्यवस्थित गरिएका छन् । म्युजियमभित्र मुस्ताङ जिल्लाको ऐतिहासिक, धार्मिक, सांस्कृतिक र भौगोलिक विशेषता झल्काउने सामग्रीहरू राखिएका छन्,' गुरुङले भने, 'यहाँको कृषि, पर्यटन, जैविक विविधतासँगै प्राकृतिक जडीबुटी, खनिज तथा वनस्पति, शालग्राम शिला, लाइब्रेरी, वेशभूषा र फोटो ग्यालरी राखिएका छन् । अब यसको व्यापक प्रचारको खाँचो छ ।'

यसैगरी, यहाँ मुस्ताङको प्राचीन धर्म संस्कृति झल्काउनेदेखि एकाइ कावागुचीका तस्बिर तथा अभिलेख संग्रहित गरिएका छन् । एउटै छातामा समग्र मुस्ताङ जिल्लाको विषयवस्तु थाहा पाउन सकिने भएकाले यहाँको इको म्युजियम मुस्ताङ भ्रमण गर्ने पर्यटकका लागि लाभदायी हुने स्थानीयहरू बताउँछन् । *रासस*

# वसन्तपुमा उठाइयो इन्द्रध्वज

**काठमाडौं (प्रस)–** विश्वसम्पदा सूचीमा सूचीकृत हनुमानढोका दरबार क्षेत्रस्थित कालभैरवको मूर्तिअघि इन्द्रजात्राको लिंगो उठाइएको अर्थात् इन्द्रध्वजोत्थान गरिएको छ । नेपाल पञ्चांग निर्णायक विकास समितिले दिएको साइतअनुसार बिहीबार बिहान १०:३१ बजे कालभैरवको मूर्तिअघि इन्द्रध्वजोत्थान गरिएको गुठी संस्थान काठमाडौं शाखा कार्यालयका प्रमुख लक्षुणा शर्माले जानकारी दिए । यसअघि भदौ १५ गते इन्द्रजात्राको लिंगो नगर प्रवेश गराइएको थियो ।

भाद्र शुक्ल अष्टमीका दिन भोटाहिटीबाट इन्द्रजात्राको लिंगो वसन्तपुर दरबार क्षेत्रस्थित कालभैरवको मूर्तिअघि लगी राख्नुलाई नगर प्रवेश गराउनु भनिन्छ । भाद्र शुक्ल द्वितीयाको राति भक्तपुरस्थित चित्तपोल सामुदायिक वनमा काटिएको सल्लाको रुख त्यसको भोलिपल्ट घिसार्दै भोटाहिटीमा ल्याई राखिएको थियो ।

त्यही लिंगोलाई बिहीबार बाँस, डोरीलगायतको सहायताले उठाइएको अर्थात् इन्द्रध्वजोत्थान गरिएको हो । इन्द्रध्वज र पताकासहित तान्त्रिक विधिले इन्द्रध्वजोत्थान गरिएको संस्थानका धार्मिक एवं सांस्कृतिक शाखा प्रमुख राजेन्द्र दाहालले बताए ।

भाद्र शुक्ल द्वादशीका अवसरमा बिहीबार इन्द्रध्वजोत्थान गरेपछि भाद्र शुक्ल चतुर्दशी अर्थात् अनन्त चतुर्दशीका दिन शनिबार राष्ट्रपति रामचन्द्र पौडेलसहित विशिष्ट व्यक्तित्वको उपस्थितिमा श्रीकुमारी, श्रीगणेश र श्रीभैरवको यात्रा गराइन्छ । यो दिन इन्द्रजात्राको मुख्य दिन हो । यस अवसरमा काठमाडौं उपत्यकामा सार्वजनिक बिदा दिने प्रचलनसमेत रही आएको छ ।

## भुल सुधार गरिएको

**मिति २०८२/०५/१७ गते यस प्रभाव दैनिकमा प्रकाशित गरिएको सेन्ट्रल फाईनान्स लिमिटेडको धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री गर्ने गोप्य शिलबन्दी आह्वान गरिएको सम्बन्धी ७ दिने सूचनामा लिलाम गरिने धितोको विवरणमा भाडा ट्रिपर सवारी दर्ता नं. प्रदेश २-०४-००१-ख-००९१ र भाडा ट्रक सवारी दर्ता नं. प्रदेश २-०४-००१-ख-००९४ हुनुपर्नेमा अन्यथा भएकोले भुल सुधार गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ ।**

---

**भीमदत्त नगरपालिका**
## नगर कार्यपालिकाको कार्यालय
**कञ्चनपुर**
**सुदूरपश्चिम प्रदेश, नेपाल**

## आन्तरिक आयको ठेक्का सूचना

**दोस्रो पटक प्रकाशित मिति:- २०८२/०३/३१**
**दोस्रो पटक प्रकाशित मिति:- २०८२/०५/०३**
**दोस्रो पटक प्रकाशित मिति:- २०८२/०५/२०**

भीमदत्त नगरपालिकाको देहाय बमोजिमका आन्तरिक आयका बहु-बर्षिय ठेक्का बोलपत्रका माध्यमबाट गराउनुपर्ने भएको हुँदा देहाय बमोजिमको ठेक्काको लागी मिति २०८२/०५/२० का दिन सबै योग्य बोलपत्रदाताहरूको लागी सार्बजनिक खरिद अनुगमन कार्यालयको विद्युतीय पोर्टल www.bolpatra.com/eGP-II मार्फत बोलपत्र आह्वानको सूचना गरिएको छ । बोलपत्र पेशगर्ने अन्तिम मिति २०८२/०६/०७ गते दिनको १२ बजेसम्म र बोलपत्र खोलने मिति २०८२/०६/०७ गते दिनको १ बजे कायम गरिएको छ । बोलपत्र पेश अनिवार्य रूपमा विद्युतीय माध्यमबाट मात्र गर्नु पर्नेछ ।

**देहाय**

| आन्तरिक आय ठेक्का नं. | आन्तरिक आय ठेक्काको नाम | आ.ब. २०८२/०८३ को न्यूनतम बोलपत्र कबोल अंक (भ्याट बाहेक) | कैफियत |
|---|---|---|---|
| १/आ.आ./२०८२ /८३ | वसपार्क सवारी साधनको पार्किङ तथा शौचालय सेवा शूल्क उठाउने कार्य | रू. ९५,८४,५३१।०० | आ.व. २०८३/०८४ का लागि ठेक्का सम्झौता रकम आ.व. २०८२/०८३ को कबोल अंकमा १०% थप जोडी हुन आउने रकम कायम गरिनेछ । आ.व. २०८४/०८५ का लागी ठेक्का सम्झौता रकम आ.व. २०८३/०८४ को कबोल अंकमा १०% थप जोडी हुन आउने रकम कायम गरिनेछ । |

विस्तृत जानकारीका लागी www.bolpatra.com/eGP-II मा हेर्न हुन वा यस कार्यालयमा सम्पर्क गर्नहुन अनुरोध गरिन्छ ।

---

**Triyuga Municipality**
## Office of The Municipal Executive
**Gaighat, Udayapur**
**Koshi Province, Nepal**

## Invitation For Bid

Date of Publication: - 2082-05-20 (2025-09-05)

1. Triyuga Municipality Office, Gaighat, Udayapur invites online bids from duly registered eligible national bidders for the following works under National Competitive Bidding.

| S. N. | Contract ID | Description & Location of Works | Estimated Amount | Bid Document Fee (NRs.) | Bid Security Amount (NRs) | Bid Validity Period/Bid SecurityValidity Period |
|---|---|---|---|---|---|---|
| 1 | TM-UDA-NCB-WORKS-07/2082-083 | Construction work of Devithan Tolbikash Sanstha Durga Mandir to Madan Bhandari Highway Blacktop Road, Tri.Na.Pa.-13, Udayapur | 6,899,723.28 | 3,000.00 | 184,000.00 | 90 days/ 120 days |

2. Information to deposit the cost of bidding document and bid bond in bank:

| | | | |
|---|---|---|---|
| Office Name | Triyuga Municipality Office | Lase date of Submission | 2082-06-20 (6th Oct. 2025) Time: -12:00 Hrs. |
| Name of Bank | Rastriya Banijya Bank, Gaighat | Date of Bid Opening | 2082-06-20 (6th Oct. 2025) Time: -13:00 Hrs. |
| Aantarik Rajaswa Khata No. | GA-1-1 2090100301010004 (For Bid Document Fee) | Pre-bid Meeting | 2082-06-10 (26th Sep. 2025) Time: -11:00 Hrs. |
| Rajaswa Shirshak No. | 14229 | Office Code No. | 80111403300 |
| Dharauti Khata No. | GA-3 2090100303000004 (For Bid Security) | | |

3. Bidder can only bid electronically through e-procurement section of PPMO's website http://www.bolpatra.gov.np/egp
4. Online bids must be valid for a given Bid Validity Period for tenders counting from the day of bid opening and must be accompanied by bid security which shall be valid for minimum 30 days beyond the bid validity period.
5. Any conditions so far not covered shall be as per Public Procurement Act 2063 (Amendment-2073), and Public Procurement Regulation 2064. Any amendments in tender notice shall be published in e-procurement section.
6. Bank Guarantee shall be in the format specified in the bid documents otherwise rejected.
7. Triyuga Municipality Office, Gaighat, Udayapur reserves the right to reject or accept or cancel any bid partially or in full, without assigning any reason, whatsoever.

**Chief Administrative Officer**

---

## साउदीमा रोजगार
कम्पनी : FALCON EYE SOLUTION CONTRACTING CO

पूर्व स्वीकृति मिति : २०८२/०५/१८ | LT. No. 330532 | चलानी नं. ६०२४४३८७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY TRUCK DRIVER | 3 | 0 | 1800 | ६७,५६२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ २७ गते (12th Sep. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**World King H.R.International Pvt.ltd.**
Dhapasi, Basundhara, Kathmandu, Nepal, Tel. +97701-5925516, 9803672215, 9814089641,9767274204 Email : info@worldkinghrintl.com, www.worldkinghrintl.com
Govt. License 1700/081/82

---

## साउदीमा रोजगार
कम्पनी : AL SATEAA MODERN COMPANY LTD.

पूर्व स्वीकृति मिति : २०८२/०५/१८ | LT. No. 330515 | चलानी नं. ६०२४४४३६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY TRUCK DRIVER | 1 | 0 | 1800 | ६७,५६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ २७ गते (12th Sep. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC No. 917/067/068
**AAKRITI RECRUITING PVT. LTD**
Sinamangal-9, Kathmandu, Nepal, Contact: +977-4110811, 4110826
E-mail : kunchha@arplteam.com, kunchhanepal@gmail.com, Web: www.arplteam.com

---

## जापानमा रोजगार
कम्पनी : SEIBU OVERSEAS TRAINING COOPERATIVE

पूर्व स्वीकृति मिति : २०८२/०५/१८ | LT. No. 330637 | चलानी नं. ६०२४४४२०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | WELDING | 2 | 0 | 173000 | १६४,५०० | क.नि. अनुसार | ७ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

■ **प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:**
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रूपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

■ **दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु:**
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रूपमा जान खोजेको विषयमा नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिबद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रूपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिबद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।
१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मिति: स्थान: प्रा.लि.को कार्यालय, मिति: यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्च: नि:शुल्क
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थान: छनौट तरिका: अन्तर्वार्ता, स्थान: प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मिति: पछि प्रकाशित गरिनेछ ।
**नोट:** वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

■ **नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:**
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्य: यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ २७ गते (12th Sep. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**S.And S.Human Resource Pvt. Ltd.**
Mahalaxmisthan, Lalitpur, Nepal Tel : +977-1-5523287
Fax : +977-1-5523287, E-mail : sands1238@gmail.com
श्रम इजाजत नं. १२३८/०७४/०७५

---

## बिश्वरू बचत तथा ऋण सहकारी संस्था लि.
**का.म.न.पा-७, चावहिल, काठमाडौं, फो नं.- ०१-४५८३५९६**

## कर्जा चुक्ता गर्ने सम्बन्धी ३५ दिने अत्यन्त जरूरी सूचना

**प्रथम पटक प्रकाशित मिति: २०८२/०५/२०**

यस संस्थाबाट कर्जा लिएका तपशिलमा उल्लेखित ऋणी सदस्यहरूले तपशिलमा उल्लेखित अचल सम्पत्ति धितो राखी लिएको ऋण समयसिमा भित्र चुक्त नगर्नु भएकोले कर्जा लिंदाका बखत यस संस्थासँग गरेको शर्त कवुलियत उल्लंघन हुन गएको र पटक पटक प्रत्यक्ष भेटबाट, मौखित एवं लिखित तथा टेलिफोन सम्पर्कद्वारा सूचनाहरु पठाई तारताकेता गर्दा पनि ऋणको तिर्नुपर्ने साँवा, ब्याजा र अन्य दै-दस्तुर नतिरेको/नबुझाएको हुनाले यो सूचना प्रकाशित गर्न संस्था बाध्य भएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र यस संस्थामा आई आफुले तिर्नु बुझाउनुपर्ने ऋणको साँवा, ब्याज र अन्य दै-दस्तुर समेत दिइएको म्यादभित्र कर्जा चुक्ता गर्नुहुन अनुरोध छ । अन्यथा ऋण असुलिका लागि सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ सहकारी मापदण्ड २०६८ र संस्थाको विनियम तथा संस्थाको कर्जा असुली कार्यविधि बमोजिम धितोमा रहेको घरजग्गा लगायत लिगलिगापात लिलाम बिक्रीको कार्य गरिनेछ । ऋण लिदाको समयमा संस्थालाई दिएको धितो लिलामबाट सम्पूर्ण लेना रकम असुल उपर गरिने व्यहोरा सम्बन्धित सबै ऋणीको जानकारीका निमित्त यो सूचना प्रकाशन गरिएको छ । यसरी धितो लिलाम गर्दा ऋण असुल नभएमा अपुग रकम ऋणी सदस्य, व्यक्तिगत धन जमानी बस्ने र एकाघरका सगोलका व्यक्तिहरूबाट प्रचलित कानुन अनुसार असुलउपर गरिने छ ।

**तपशिल**

| क्र.सं. | ऋणीको तिनपुस्ते विवरण | धनजमानिको तिनपुस्ते विवरण |
|---|---|---|
| १. | नाम : केदार विश्वकर्मा<br>ना.प्र.नं. : २८६०८, दोलखा<br>बाबुको नाम : कृष्ण बहादुर विश्वकर्मा<br>बाजेको नम : लाल बहादुर विश्वकर्मा<br>ठेगाना : का.जि. बुढानिलकण्ठ-२, भंगाल, कपन | १. नाम : राजु विश्वकर्मा<br>ना.प्र.नं. : १४८८८५, सिन्धुपाल्चोक<br>बाबुको नाम : अमिर बहादुर विश्वकर्मा<br>बाजेको नाम : साने कामी<br>ठेगाना : सुनकोशी-४, सिन्धुपाल्चोक हाल बु.न.पा-२, भंगाल, काठमाडौं |
| | | २. नाम : केवल गुरू<br>बाबुको नाम : गणेश गुरू<br>बाजेको नाम : विष्णु गुरू<br>ठेगाना : चपुर-३, रौतहट<br>हाल बु.न.पा-२, भंगाल, काठमाडौं |
| **धितोको विवरण**: केदार विश्वकर्माको नाममा मालपोत कार्यालय चावहिलमा एकलौटी दर्ता श्रेष्ता कायम रहेको काठमाडौं जिल्ला बुढानिलकण्ठ-२, भंगाल हाल (साविक चपली भद्रकाली ८) नक्सा सिट नं.१०२०९०८१९ कित्ता नं.१९, क्षेत्रफल ९५.३८-०-०-० व.मी जग्गा घर लगायत लिगलिगापात समेत सम्पूर्ण । | | |
| २. | नाम : बिराज सिलवाल<br>ना.प्र.नं. : २४१०७३/१८१५९ सिन्धुपाल्चोक<br>बाबुको नाम : दुर्गा विक्रम सिलवाल<br>बाजेको नम : रित विक्रम सिलवाल<br>ठेगाना : भोटेनाम्लाङ-९, सिन्धुपाल्चोक<br>हाल का.म.न.पा-७, चावहिल, काठमाडौं | १. नाम : शर्मीला सिलवाल<br>ना.प्र.नं. : १५१०४७, सिन्धुपाल्चोक<br>बाबुको नाम : दुर्गा विक्रम सिलवाल<br>बाजेको नाम : रित विक्रम सिलवाल<br>ठेगाना : भोटेनाम्लाङ-९, सिन्धुपाल्चोक हाल का.म.न.पा-७, चावहिल, काठमाडौं |
| | | २. नाम : निराज सिलवाल<br>ना.प्र.नं. : २४-०-३९-०५५३९, सिन्धुपाल्चोक<br>बाबुको नाम : दुर्गा विक्रम सिलवाल<br>बाजेको नाम : रित विक्रम सिलवाल<br>ठेगाना : भोटेनाम्लाङ-९, सिन्धुपाल्चोक हाल का.म.न.पा-७, चावहिल, काठमाडौं |
| | | ३. नाम : धिरज विक्रम सिलवाल<br>ना.प्र.नं. : २४-०-७१-००४७५, सिन्धुपाल्चोक<br>बाबुको नाम : दुर्गा विक्रम सिलवाल<br>बाजेको नाम : रित विक्रम सिलवाल<br>ठेगाना : भोटेनाम्लाङ-९, सिन्धुपाल्चोक हाल का.म.न.पा-७, चावहिल, काठमाडौं |
| **धितोको विवरण**: बिराज सिलवाल, निराज सिलवाल र धिरज विक्रम सिलवालको संयुक्त नाममा मालपोत कार्यालय सिन्धुपाचोक, चौतारामा संयुक्तको नाममा दर्ता श्रेष्ता कायम रहेको सिन्धुपाल्चोक जिल्ला भोटेनाम्लाङ -९, मा रहको वडा नं./नक्सा सिट नं.९ कित्ता नं.३४७, ३४८, रैकर निजी क्षेत्रफल, रोपनी/ब.मि ५-२-३-२, २६३५.११, ६-८-३-०, ३३३०.६६ जम्मा क्षे.फ.व.मी ५,९६५.७७ जग्गा लगायत लिगलिगापात समेत सम्पूर्ण । | | |

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

## सामाजिक सञ्जाल बन्दमा पुनर्विचार गर्नैपर्ने विषय

सरकारले सूचीकरणमा नआएको सामाजिक सञ्जाल बन्द गर्न थालेको छ । देशको संविधान नमानेको र सरकारलाई नटेरेको भन्दै सरकारले फेसबुक, एक्स, ह्वाट्सएपजस्ता लोकप्रिय सञ्जालहरू बन्द गरेको हो । दुरसञ्चार प्रदायक कम्पनीहरूले सरकारको निर्देशन पालना गर्ने निर्णय गरिसकेको छ । पछिल्लो समय सामाजिक सञ्जालको बढ्दो प्रयोग, यसको निशुल्क सेवाका कारण नागरिकको हातहातमा स्मार्ट फोन पुगेको छ । फोन, इन्टरनेटको उपलब्धतासँगै नेपालीहरू पनि निशुल्क सामाजिक सञ्जालमा झुत्तिन थालेका छन् ।

सामाजिक सञ्जाल मनोरञ्जन गर्ने थलोमात्र हैन, बजारीकरण गर्ने थलो पनि बनिसकेको छ । कतिले यसलाई वैकल्पिक रोजगारको थलो बनाइरहेका छन् । सामाजिक सञ्जाल शिक्षाको केन्द्र पनि बनेको छ । आफूलाई एक्पोज गर्नेदेखि विभिन्न ठगीधन्दा पनि यस्तै प्लेटफार्मबाट हुन थालेको छ । सर्वसाधारणले सहजै सूचना पाउने थलो पनि बनेको छ ।

यद्यपि यसको सूचीकरण नहुँदा र नेपालमा यी ठुला कम्पनीहरूको प्रतिनिधि नहुँदा विभिन्न घटनामा सरकार र सुरक्षा निकायसमेत झुक्नुपरेको छ । ठगीमा संलग्न व्यक्तिहरूको विस्तुत सूचना सोसल मिडियाका प्रतिनिधिहरूले दिएमा अनुसन्धानमा ठुलो राहत मिल्छ । तर नेपालले यस्तो अवसर पाइरहेको छैन । एउटा एकाउन्ट ह्याक भएर फिर्ता ल्याउन प्रहरीलाई महिना दिन लाग्छ ।

नेपाललाई ठुलो बजार नसोचेको कारण यस्ता प्रदायक कम्पनीले सरकारको चेतावनीलाई कम आँक्दै आएको बेला सरकारले सोसल मिडिया बन्द गरेको हो । झट्ट हेर्दा सरकार आलोचनासँग डराएर सामाजिक सञ्जाल बन्द गराएको देखिन्छ । हुन पनि नयाँ दलहरूप्रति लोकप्रियता बढिरहेको बेला सरकारमाथि आक्रोश बढिरहेकै सुनिन्छ । अझ प्रधानमन्त्री केपी शर्मा ओली चीनबाट फर्किएलगत्तै यस्तो निर्णय हुँदा सर्वसाधारण अझै आक्रोशित छन् ।

यद्यपि सरकारले सूचीकरणमा रहेको टीकटक, भाइबरलाई प्रतिबन्ध लगाएको छैन । फेसबुक, ह्वाट्सएप बन्द हुन थालेपछि सामाजिक सञ्जाल प्रयोगकर्ताहरू टीकटर र भाइबरमा झुत्तिन थालेका छन् । यी सामाजिक सञ्जालमा पनि आफ्नो अभिव्यक्ति राख्न सकिन्छ नै । प्रमुख प्रतिपक्षी दलहरूले सरकारी कदमको खुलेर विरोध गर्न सकिरहेका छैनन् । कारण अहिले प्रमुख प्रतिपक्षमा रहेको माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल नेतृत्वको सरकारले सामाजिक सञ्जाल टीकटक झन्डै वर्ष दिन नै बन्द गरेको थियो । त्यतिबेला सामाजिक सञ्जाल प्रयोगकर्ताहरूले टीकटकमा दाहालको आलोचना बढेकोले बन्द गरेको तर्क गर्दथे ।

सरकारले सम्बन्धित कम्पनीलाई कन्भिन्स गर्न नसक्दा एउटै निर्णयका कारण धेरैको रोजीरोटी गुम्ने खतरा देखिएको छ अहिले । किनकि डाटा सेयरदेखि सूचना सेयर यिनै सोसल साइटमा भर परेर गर्नेहरूको विकल्प अब सरकारले सोच्नुपर्छ । त्यसपछिमात्र सरकारले यो कदम अघि बढाउनुपर्थ्यो । आफ्नै नागरिकको रोजीरोटी खोस्ने काममा राज्य लाग्नुहुन्न । यस्तो विषयमा सरकार केही गम्भीर बन्नैपर्छ ।

# इन्द्रजात्राको आख्यान र इतिहास



■ पदम श्रेष्ठ

इन्द्रध्वजोत्थानकै दिनदेखि काठमाडौं, ललितपुर, भक्तपुरका नेवार बस्तीहरूमा हाथुद्यो (भैरव) मूर्ति सार्वजनिक गरिन्छ । यसै दिनदेखि हल्चोक स्वयम्भूको सवः भक्कु, किलागलबाट पुलुकिसी (तानाकिसी), मजिपातबाट मजिपाः लाखे, कुम्हाननीको कुम्हो प्याखँ, किलागलको दि प्याखँ (देवी नृत्य), भक्तपुरबाट महाकाली प्याखँ गणनृत्य र माकःप्याखँ र त्रिपुरेश्वरको १० अवतार झाँकी बसन्तपुर दरबारमा प्रदर्शन गरिन्छ भने पाटनको च्यासलमा नेपालको प्राचीन यौन चलचित्र 'झ्यालिंचा' मञ्चन गरिन्छ ।

भाद्रशुक्ल द्वादशीका दिन हनुमानढोका कालभैरव अगाडि यःसिं (इन्द्रध्वज) उठाएपछि कृष्ण चतुर्दशीसम्म आठदिन राजधानीमा इन्द्रजात्रा मनाइन्छ । उपत्यकावासीहरू इन्द्रजात्रालाई यलम्बर जात्रा येंयाः अर्थात् काठमाडौं नगर उद्घाटन भएको दिनका रूमा मान्दछन् ।

अधिकांशलाई बोलीचालीमा इन्द्रजात्रा भनिएकोले देवताका राजा इन्द्रको पूजा गर्दै मनाइने पर्व हो भन्ने भ्रम छ तर त्यस्तो होइन । इन्द्रलाई त ज्यापुको खेतमा आफ्नी आमाका लागि तीजको व्रत बस्न पारिजातको फूल चोर्दै गर्दा पक्रिएर हालको यङकीदह दहचोकमा बाँधेर राखेको र उनैलाई देखाउन काठमाडौं जात्रा येंयामा जीवित देवी कुमारीको रथारोहण हुँदा मरु सिंह सत्तलमा काठको इन्द्रलाई हात खुट्टा बाँधेर सार्वजनिक गरिएको भन्ने मान्यता छ ।

वास्तविकतामा कलिगत संवत् ३८२५ (वि.सं. ७८१)मा राजा गुणकामदेवले पचलीलाई बिँड र म्हय्पीलाई मञ्जुश्री खड्गको टुप्पो हुनेगरी देशको चारैतिर अष्टमातृका पीठ विराजमान गराई येंगा हिटीनेर उद्घाटन गरेको दिनको रूमा जात्रा मनाइएको विश्वास गरिन्छ ।

अर्को आख्यानअनुसार पाँच हजार वर्षअघि किराँती राजा यलम्बर भारतको कुरुक्षेत्रमा भएको महाभारत युद्धमा कौरव र पाण्डवमध्ये जुन पक्ष हार्छ उसैको पक्षमा लड्ने बताएछन् । यस्तो भएमा युद्ध कहिल्यै अन्त्य नहुने देखेर छली कृष्ण भगवान्ले छलगरी यलम्बरको टाउको दुई टुक्रा हुनेगरी काटिदिए । यही दिनको स्मरणमा यहाँ आजुद्यो (आकाश भैरव)को शिर र अर्कोतर्फ बाकाद्यो (आजुद्योको साथी) तान्त्रिक पूजासहित सार्वजनिक गरिन्छ ।

इन्द्रध्वजोत्थानकै दिनदेखि काठमाडौं, ललितपुर, भक्तपुरका नेवार बस्तीहरूमा हाथुद्यो (भैरव) मूर्ति सार्वजनिक गरिन्छ । यसै दिनदेखि हल्चोक स्वयम्भूको सवः भक्कु, किलागलबाट पुलुकिसी (तानाकिसी), मजिपातबाट मजिपाः लाखे, कुम्हाननीको कुम्हो प्याखँ, किलागलको दि प्याखँ (देवी नृत्य), भक्तपुरबाट महाकाली प्याखँ गणनृत्य र माकःप्याखँ र त्रिपुरेश्वरको १० अवतार झाँकी बसन्तपुर दरबारमा प्रदर्शन गरिन्छ भने पाटनको च्यासलमा नेपालको प्राचीन यौन चलचित्र 'झ्यालिंचा' मञ्चन गरिन्छ ।

### इन्द्रजात्रासम्बन्धी आख्यान

इन्द्रजात्राको प्रचलित आख्यानुसार स्वर्गका राजा इन्द्रले आफ्नी आमा डागींका लागि तीज व्रत बस्न पारिजातको फूल टिपिरहेको देखेर ज्यापूले चोर ठानेर पक्री दुई हातखुट्टा बाँधी सार्वजनिक बेइज्जत गरेदेखि इन्द्रजात्रा नाउँ उल्लेख भएको बताइन्छ तर यो वैदिककालीन आख्यान मानिएको छ ।

### उपाकू बनेगु

भाद्रकृष्ण द्वादशी (यँलाथ्व द्वादशी) अर्थात् इन्द्रध्वजोत्थानकै दिन साँझ मृतकका नाउँमा बाटोभर धूप-दीप (पाल्चा) बाल्दै देवी-देवतालाई धूप, अक्षता, नगद चढाउँदै 'उपाकू परिक्रमा' गर्ने गरिन्छ ।

### जीवित देवी कुमारीको रथयात्रा

मातृसत्तात्मक नेवार समुदायको प्रतीक जीवित देवी कुमारी, श्रीभैरव र श्रीगणेश रथारोहण नै इन्द्रजात्राको प्रमुख आकर्षण मानिन्छ । येंयाः पून्हीको यस दिन आश्विन १ गते नेवार समुदायका घर-घरमा छ्वयला (पोलेको मासु), अदुवा, लसुन, कालो भटमास, समयबजी (स्याबजी-चिउरा) बाँड्ने र 'ला छकू वयक समयबजी बल-बल पुलुकिसी' भन्दै माग्न जाने परम्परा छ भने वसन्तपुर गद्दी बैठकमा राष्ट्रप्रमुख, विभिन्न देशका राजदूत र कूटनीतिक नियोगका व्यक्तिहरूको उपस्थितिमा श्रीकुमारीको भव्य रथारोहण तथा पञ्चबुद्ध मजिपाः लाखे, सवः भक्कु आदिको झाँकी प्रदर्शन गरिन्छ । एकयुगको कुरा हो, राजा त्रैलोक्य मल्ल र तलेजु भवानीबीच पासा खेल्दै राज्य सञ्चालनबारे कालो पर्दाले छेकी वार्ता भइरहेको बेला राजाले मनमा पाप चित्त उत्पन्न गरेछ । उक्त कुरा थाहा पाएकी देवी तलेजु भवानीले अबदेखि शाक्य थरकी कन्याको जीउमामात्र आफू प्रकट हुने र उनैसँग सल्लाह लिनू भनी उपदेश दिँदै अलप भइछन् ।

त्यसै बेलादेखि जीवित देवी कुमारीसँग राज्यप्रमुखले इन्द्रजात्रामा टीका लगाउने परम्परा चलेको हो । यदि राज्य प्रमुख कुमारी घर वसन्तपुर नपुगी अपमान गरे राज्य स्थिर नरहने विश्वास गरिन्छ । अन्तिम मल्ल राजा जयप्रकाश मल्ललाई कुमारीले अब तिम्रो राज्य गर्ने शक्ति सकियो, अस्तित्व बचाइराख्न कुमारी रथारोहण गराउनू भन्ने उपदेश भए मुताविक ने.सं. ८७६ देखि रथारोहण थालिएको मानिन्छ । ने.सं. ८८८ मा गोर्खाका राजा पृथ्वीनारायण शाहले यसै दिन कुमारी रथारोहणमा मस्त नेवारमाथि विनायुद्ध हमलागरी नेपालमण्डल आफ्नो अधीनमा लिए तर नेवार अस्तित्वलाई आत्मसात् गरे । गुठी सम्पत्ति आफ्नै चंगुलमा राखे पनि जात्रा पर्वका लागि दक्षिणा दिने परम्परा बसाएका थिए ।

### कुमारी रथारोहणबारे प्रसिद्ध आख्यान

पचलीभैरव र ङेत अजिमाँ (नरदेवी)को राज्य चलिरहेको बेला अति बलियो दैत्यले आक्रमण गरी अष्टमातृका गण र भैरवहरू सबैलाई हराइदिएछन् तर दैत्यको कुमारीसँग प्रेम सम्बन्ध थियो । माता-पिता र राष्ट्रलाई धरापमा पारी आफूसँग विवाह गर्न चाहने दैत्यसँग कुमारी सहमत भइनन् र अन्त्यमा छलगरी कुमारीद्वारा राष्ट्रघाती एवं माता-पिताका दुश्मनलाई बध गरी आफू आजीवन कुमारी रहने प्रतिज्ञा गरिन् । यही त्यागको स्वरूप रथारोहणको बेला दबू प्याखँ (डबली नृत्य) जोशी देगलमा प्रदर्शन गरिन्छ ।

### इन्द्रजात्रामा पाटन च्यासलको झ्याल्चा

इन्द्रजात्रा काठमाडौंमा राज्यप्रमुखको उपस्थितिमा कुमारी रथारोहण गरी मनाउने भएता पनि ललितपुरको च्यासलमा नेपालको 'प्रथम चलचित्र !' झ्याल्चा प्रदर्शन गरी मनाइने परम्परा छ । येंयाःपून्ही भाद्रशुक्ल पूर्णिमाका दिन साँझ ७:३० बजेदेखि एक घण्टा प्रदर्शन हुने झ्याल्चा चलचित्र सेतो पर्दाभित्र चिर दीप बाली यौनभावको क्रियाकलाप देखाउने हुँदा चलचित्र हेर्नेहरूको ठूलो भीड लाग्ने गर्दछ । प्रजापति गुथीको यो प्रस्तुतिलाई छायाँ दर्शन पनि भन्ने गरेको पाइन्छ ।

### दागीं वा बौमत

यँलाथ्व चतुर्दशीका दिन कुमारी रथारोहण सँगसँगै काष्ठमण्डप मरुबाट दाबी (इन्द्रकी आमाको प्रतीक स्वरूप) सेतो मुकुण्डो र जामासहितको भेषभूषामा धिमे-भुस्या (परम्परागत नेवारी बाजा)को संगीतमय तालमा नगरपरिक्रमाका लागि बाहिर निकालिन्छ । त्यसैगरी इन्द्रका पिताका रूपमा बौमत कुमारी रथारोहणकै मार्गमा मृतकका नाउँमा दीपदान गर्दै घुमाइन्छ । यसरी नगरपरिक्रमा गर्दा मृतकका नाउँमा नौ थरी गेडागुडी सर्स्युं, तोरी, कालो तिल, जौ, ज्वानो, केराउ, गेडामास, कालो भटमास बाटोभर छर्दै हिँड्ने परम्परा छ । यसै दिन स्वर्गको बाटोको रूप मान्दै काठमाडौंबाट १५ किलोमिटर पश्चिम थानकोटस्थित इन्द्रदह (यंकीदह)मेला भर्न राति नै हिँडेर पुग्ने गर्दछन् ।

### नानिचा याः (दथु याः)

यँलागा चतुर्दशी अर्थात् इन्द्रजात्रको अन्तिम दिन कुमारीसहितको रथ किलागलतर्फ लाने परम्परा छ । राजा जयप्रकाश मल्लले मथ्याम्ह (ल्याइते) रानीलाई देखाउन अन्तिम रथारोहण 'नानिचा याः' (नानीका लागि यात्रा)को परम्परा थप गरिएको जनश्रुति छ । राज्य प्रमुखद्वारा कुमारी दर्शन, इन्द्रध्वज विसर्जन, हाथुद्यो (भैरव) र यःमाद्यो (इन्द्र) प्रदर्शन गरी इन्द्रजात्रको समापन गरिन्छ ।

### ख्वप भक्तपुरको पुलुकिसी जात्रा

यलाथ्व द्वादशीदेखि यँलागा चौथीसम्म हुने इन्द्रजात्रा (येंयाँ) पून्हीको अन्तिम दिन नानिचायाँमा भक्तपुरमा पुलुकिसी जात्रा गर्दछ । इन्द्रजात्राका बेला भक्तपुरमा यमाद्यः भनी इन्द्र मूर्ति प्रदर्शन गरिन्छ । काठमाडौंमा ऐरावत हात्तीको प्रतिकस्वरूप तानाकिसी जात्रा जस्तै भक्तपुरमा अष्टमी व्रतका लागि खाइसी लिन आएका छोरा इन्द्र ढिलो भएका कारण आमा डाँगीले ऐरावत हात्तीलाई खोज्न पठाएको नाउँमा यहाँ पुलुकिसी जात्रा गरिन्छ । भूतप्रेतबाट दुःख नदिइयोस् भन्ने कामना गर्दै पुलुकिसी जात्रा तानताना बाजाको तालमा देश परिक्रमा गर्दा बटुवाबाट जगात उठाइन्छ । हात्तीले नःपुर्खुमा पानी र ब्रह्मायणीतर्फ फर्काएर धान खुवाउने जात्रा गरिन्छ । अनौठो भनाइ के छ भने पुलुकिसीले जात्रामा जसको खेततर्फ फर्किएर धान खान्छ, त्यसको खेतमा धान फल्दैन ।

### नागचा प्याख

इन्द्रजात्रा यँया पून्हीकै अवधिमा पशुपति क्षेत्र जयबागेश्वरीमा नागचा प्याखँ शिव-पार्वती नृत्य हुने गर्दछ । आश्विन कृष्ण परेवाको रातिदेखि तीन दिन पूर्णिमासम्म मृदंग बाजाको तालमा प्रेमलीलामा आधारित नागचा प्याखँमा नेपालभाषा, नेपाली, हिन्दी मिश्रित गीत भटयाउने गरिन्छ ।

इन्द्रराज आएर भने दुःख फूं हरणया
कर्जा हुँ म भएँ, धन राजा पञ्चाल देश

किंवदन्तीअनुसार सुन्दर नामक राजकुमारको देशमा अमर व्याधा सिकार खेल्दै जंगल पुग्दा तातो पानीको पोखरी देखेछन्, पोखरी छेउ एक मन्त्रसिद्धि वैद्य जप गरिरहेका । व्याधाको आग्रहमा वैद्यले पोखरीको पानी चिसो बनाइदिए । तापका कारण छट्पटाइरहेका जीवजन्तु नागराजा एकाएक पानी सामान्य भएबाट खुसी हुँदै बाहिर निस्कँदा व्याधालाई देखे । खुसी भएका नागराजले इच्छाएअनुसार अमोघपास हतियार दिई पठाइदिए । हतियारको माध्यमबाट व्याधा दाजुभाइले देवराज इन्द्रकी छोरी मागे, एउटीसँग कसले विवाह गर्ने विवाद हुँदा दाजुभाइले अमोघपास हतियार र राजकुमारीलाई सुन्दर राजकुमारको जिम्मा लगाई धन-सम्पत्ति, गहना लिएछन् । अन्त्यमा महादेवको सहयोग लिई देवराज इन्द्रले आफ्नी छोरी सुन्दर राजकुमारबाट फिर्ता लगेको आख्यानमा नागचा प्याखँ नचाउन अमालकोट कचहरीमार्फत समयबजी चढाउने परम्परा छ । जय बागेश्वरी नासल चोकबाट सुरू हुने नागचा प्याखँ सिफल, ताम्रोश्वर, नवाली गणेश, बासुकी भट्ट र पशुपति मूल भट्टको घरमा, राममन्दिर, राजराजेश्वरी, गृहचेश्वरीमा नचाउँदै इन्द्रजात्राको अन्तिम दिन नानिचायाः गरी नागचा प्याखँ सम्पन्न गर्ने परम्परा छ ।

## श्रम सरोकार

### वैदेशिक रोजगारीमा रहँदा अपनाउनुपर्ने स्वास्थ्य सुरक्षाका उपायहरु

- सामान्यतया काम गर्ने समय आठ घण्टा अनिवार्य हो तर काम (ओभरटाइम) पाइयो भन्दैमा १२ घण्टाभन्दा बढी काम गर्दा शरीरलाई चाहिने आराम कम हुने भएकोले स्वास्थ्यमा असर पर्न जान्छ ।
- कोठामा बस्दा वा सुत्दा एसी सही किसिमबाट प्रयोग गर्नुपर्छ ।
- त्यसैले दैनिक १२ घण्टा काम गर्ने हो भने आठ घण्टा अनिवार्यरूपमा आराम गर्नुपर्दछ ।
- दैनिक काम गरेको समय र आरामको समय मिलाई सोहीबमोजिम पोषिलो खाना खानुपर्दछ ।
- स्वदेश र विदेशको वातावरण फरक पर्ने हुँदा पर्याप्त मात्रामा पानी पिउने गर्नुपर्दछ ।
- बाहिरी वातावरणमा घुम्न जाँदा वा हिँड्दा मास्क, चस्मा आदिको प्रयोग गर्नुपर्दछ ।
- जाडो र गर्मीको वातावरण हेरी कार्यस्थलमा वा स्थानमा उपयुक्त तवरले प्रयोग गर्नुपर्दछ ।
- धूमपान तथा मादकपदार्थको प्रयोगले स्वास्थ्यमा तुरुन्तै असर गर्ने भएकोले यसको प्रयोग गर्नु भनेको स्वास्थ्य खतरामा पार्नु हो । त्यसैले मादकपदार्थको प्रयोगबाट टाढै रहनुपर्दछ ।
- कामको प्रकृतिअनुसार तोकिएका सुरक्षाका सामानहरू प्रयोग गर्नुपर्दछ । जस्तोः चस्मा, पञ्जा, रोप, बुट, ड्रेस, हेल्मेट, हार्नेस आदि । सुरक्षा कवच प्रयोग गर्न लापरवाही गरे दुर्घटना हुनसक्छ, स्वास्थ्यमा असर पर्छ ।

#### महिला कामदारले ध्यान दिनुपर्ने कुराहरु

- प्रायः घरमा सिसी क्यामरा जडान गरिएको हुन्छ । त्यसबाट सबै कुरा निरीक्षण गरिरहेका हुन्छन् । त्यसैले सावधानी अपनाउनुपर्दछ ।
- घरमुली वा रोजगारदातासँग बढी कुराकानी गर्दा कतिपय ठाउँमा राम्रो मानिँदैन ।
- नचिनेको महिला वा पुरुषको साथ लागेर नचिनेको/नजानेको ठाउँमा जानु हुँदैन ।
- पुरुष रोजगारदातामात्र घरमा भएका बेला विशेष सावधानी अपनाउनुपर्दछ ।
- कुनै समस्यामा परिहाले कसलाई सम्पर्क गर्ने भन्ने पूर्वतयारी अवस्थामा रहनुपर्दछ । त्यस्तो अवस्थामा गोप्य तरिकाले सम्बन्धित निकाय, संस्था वा व्यक्तिलाई सहयोगको याचना गर्नुपर्दछ ।
- पहिलोपटक वैदेशिक रोजगारीमा गएका महिला कामदारले विशेष सावधानी अपनाउनुपर्दछ । त्यहाँको वातावरणमा घुलमिल हुन केही समय लाग्ने हुँदा आफूलाई आफैंले स्वनियन्त्रणमा राखी काम गर्नुपर्दछ ।

# सामाजिक सञ्जाल बन्दको प्रभाव



■ विविशा पौडेल

आजको युगमा सामाजिक सञ्जाल मानव जीवनको एक अभिन्न अंग बनेको छ । मानिसहरूले कुराकानी गर्नदेखि लिएर हरेक कार्यक्रम होस् या विभिन्न विषयमा सल्लाह, सुझाव र निर्णय लिने वा दिनेजस्ता महत्त्वपूर्ण कार्य गर्न सामाजिक सञ्जालको प्रयोग गरेको पाइन्छ । त्यसमा पनि पछिल्लो समय सबैले चलाइराखेको र सहजै कुराकानी तथा सूचना प्राप्त गर्ने माध्यमका रूमा रहेका फेसबुक, ह्वाट्सएपलगायतका सामाजिक सञ्जाल दर्ता बन्द गर्ने निर्णय लिएपछि देशभर यसबारे बहस चर्किएको छ ।

पछिल्लो समय धैरे मानिसलाई स्वरोजगार बनाउने माध्यमका रूमा रहेको सामाजिक सञ्जाल बन्दले हरेक क्षेत्रमा प्रभाव पार्ने सम्भावना रहेको छ । हरेक मानिसको जीवनदेखि व्यावसायिक गतिविधि, राजनीति, सञ्चार र संस्कृतिसम्मको क्षेत्रको बारेमा सामाजिक सञ्जालले जानकार तथा ज्ञात पार्ने र शिक्षित बनाएको छ । सरकारले सामाजिक सञ्जाललाई दर्ता प्रक्रियामा आउन आह्वान गरेको थियो । तर प्रक्रिया पूरा नगरेकाले सरकारले नेपालमा सर्वाधिक प्रयोगमा रहेका फेसबुक, युटचुब, इन्स्टाग्राम, ह्वाट्सएपजस्ता प्लेटफर्महरू बन्द गर्ने निर्णय गरेको छ । यसले लाखौं प्रयोगकर्ताको दैनिक जीवनमा ठूलो प्रभाव पार्ने देखिन्छ ।

पछिल्लो दशकमा सामाजिक सञ्जाल मनोरञ्जनको साधनमात्र भएको छैन । यसले हरेक व्यक्तिलाई सामाजिक संवादमा जोड्ने, व्यावसायिक कारोबार गर्ने, राजनीतिक गतिविधिबारे जानकार बनाउने र देश तथा विदेशमा भइरहेका हरेक ताजा समाचार आदानप्रदानको केन्द्रीय माध्यम बनेको छ । सामाजिक सञ्जालको प्रयोगले विदेशमा रहेका लाखौं नेपाली आफ्ना परिवारसँग सम्पर्कमा रही आत्मीयता कायम गर्ने, साना तथा मझौला उद्यमीहरूले बजार विस्तार गर्ने, व्यक्तिमा भएको प्रतिभा तथा आफ्ना सिर्जना प्रचार गर्न र आइटी क्षेत्रमा दक्ष भएकाहरू रोजगारी खोज्न यिनै डिजिटल प्लेटफर्मलाई प्रयोग गर्दै आएको पाइन्छ । सूचीकरणमा नआएका सामाजिक सञ्जाल निष्क्रिय बनाउने सरकारको निर्णयलाई कतिपयले आवश्यक नियमनको रूपमा व्याख्या गरेका छन् । तर धेरैले यसलाई अभिव्यक्ति स्वतन्त्रता हनन् र वेरोजगारी सिर्जना गराउने प्रहारको रूपमा लिएका छन् ।

यदि सामाजिक सञ्जाल बन्द भयो भने यसको प्रभाव केवल एउटा क्षेत्रमा मात्र सीमित रहँदैन, किनभने सामाजिक सञ्जालमार्फत नै सामाजमा भएको सांस्कृतिक गतिविधि तथा चेतनामूलक सामाजिक कार्य ठप्प हुने सम्भावना देखिन्छ । बहुल सांस्कृतिक र विविधतामा एकता कायम गर्ने सेतूका रूमा रहेको माध्यम बन्द हुँदा एकता भंग हुन् सक्छ । साथै समाजमा मेलमिलाप तथा सम्पर्क कायम गराउने सञ्जालमार्फत टोल, विद्यालय वा पेसागत समूहका साथीहरूसँग छलफल तथा सुझाव आदानप्रदान गर्ने माध्यम हुन् । तर यदि यी माध्यम बन्द भएमा महँगो दूरसञ्चार सेवामा निर्भर हुनुपर्ने बाध्यता आउन सक्छ । यसले भावनात्मक दूरी बढाउन सक्छ ।

यसका साथै, विभिन्न प्रतिभा भएका कलाकार र सर्जकहरूका लागि सहज र निःशुल्क प्रदर्शन गर्ने माध्यमका रूमा रहेका फेसबुक, इन्स्टाग्राम र युटचुब नभएमा प्रतिभा प्रचार नभएर कलाकारिता तथा अन्य क्षेत्र पिछाडिँदै जाने अवस्था आउने छ । कतिपय साहित्यकार तथा गायकारहरूले नयाँ गीत, कथा वा कविता प्रकाशन गर्दा तत्काल हजारौं श्रोता वा पाठकसम्म पुग्ने र उनीहरूको कमेन्ट, लाइक तथा सेयरका कारणले उनीहरूमा जागर पैदा भएको छ । यसलाई बन्द गर्ने निर्णयले कला, साहित्य र संस्कृतिको प्रचारप्रसारमा अवरोध खडा हुने छ । परम्परागत माध्यममा सीमित संख्यामामात्र अवसर पाइने हुँदा साना र नयाँ प्रतिभा बाहिर आउन कठिन हुने सम्भावना छ । साथै विभिन्न व्यवसाय सञ्चालन गरी पछिल्ला वर्षमा 'डिजिटल बजार' बन्दै गएको छ । फेसबुक पेज वा इन्स्टाग्राम अकाउन्टमार्फत उत्पादन प्रचार गरी बेच्ने, युटचुबमार्फत सेवाको प्रचार गर्ने प्रवृत्ति तीव्र गतिमा बढिरहेको छ । यसमा पनि विशेषगरी महिला उद्यमी तथा सञ्जालमै सीप सिक्नेहरूका लागि सामाजिक सञ्जाललाई आफ्नो मुख्य व्यापारिक तथा उपयोगी सीपको च्यानल बनाएका छन् । सरकारले यी प्लेटफर्म बन्द गरेमा हजारौंको व्यवसाय प्रत्यक्ष प्रभावित हुने छ ।

त्यसैगरी हजारौं युवाले युटचुब च्यानल वा फेसबुक भिडियोमार्फत आफ्ना सिर्जनालाई व्यावसायिक पेसा बनाएका छन् । सरकारी निर्णयले उनीहरूको आयस्रोत बन्द गर्ने छ र रोजगारी संकट बढाउने छ । त्यस्तै विभिन्न स्थानको प्रचार गरी पर्यटन प्रवर्द्धनमा गरी पर्यटक भित्र्याउन सञ्जालले भरपुर सहयोग गरेको थियो । यस्ता माध्यम बन्द हुँदा नेपालको सुन्दरता विश्वभर पुऱ्याउने एउटा ठूलो च्यानल टुट्ने छ, जसले पर्यटन व्यवसाय कमजोर पार्ने छ ।

नेपालमा सामाजिक सञ्जाल नागरिकलाई सरकारप्रति प्रश्न उठाउने, आलोचना गर्ने र आफ्नो विचार व्यक्त गर्ने सबैभन्दा सहज प्लेटफर्म बनेको छ । यसलाई बन्द गर्नु भनेको प्रत्यक्षरूपमा अभिव्यक्ति स्वतन्त्रतामाथि नियन्त्रण लगाएको हो भन्ने भावना पैदा गराउँछ । त्यसैगरी सामाजिक सञ्जालले नागरिक पत्रकारितालाई पनि प्रोत्साहित गरेको छ । कुनै अन्याय वा बेथितिविरुद्ध सामान्य नागरिकले भिडियो वा फोटो खिचेर सार्वजनिक गर्न सक्छन् । यसले तत्काल सामाजिक दबाब सिर्जना गर्छ । तर यो च्यानल बन्द भए, यस्ता गतिविधि कमजोर हुने छन् । नागरिक अभियान वा आन्दोलनलाई कमजोर पार्ने खतरा छ । सरकार आफैंले पनि आफ्ना नीतिगत निर्णय वा सचेतनामूलक सन्देश जनतासम्म पुऱ्याउन सामाजिक सञ्जाललाई प्रयोग गर्दै आएको छ । यी प्लेटफर्म बन्द हुँदा सरकार र नागरिकबीचको प्रत्यक्ष सञ्चार च्यानल नै खुम्चिने छ ।

सामाजिक सञ्जालले जसरी विश्वलाई एउटा घरजस्तो बनाएको बेला नेपालले यस्तो उपाय अपनाउँदा विश्वव्यापी डिजिटल प्रणालीबाट अलग हुने खतरा बढ्न सक्ने छ । पछिल्लो समय जति पनि सबैले सहजै प्रयोग गर्न सक्ने एपहरू बन्द हुँदै छन् । यदि यी बन्द भए भने डिजिटल सेवाहरूको पहुँचमा अवरोधमात्र नभएर नेपालले देशमा प्रविधिमैत्री वातावरण बनाउन जुन कदम चाल्दै छ, त्यो नै कमजोर हुँदै जाने छ ।

# सौराहमा हुर्किँदै छन् ‘राम’ र ‘देव’

■ सनद अधिकारी



**नारायणगढ (चितवन)**– मुलुकको प्रमुख पर्यटकीय गन्तव्यमध्ये चितवनको सौराह एक हो । यहाँ आउने जो कोहीले सौराहको आसपासमा साना गैँडा डुल्दै गरेको देख्न पाउँछन् । मानिससँगको सामीप्यतामा रमाउने यी गैँडाहरू वास्तवमा मानिसले नै पालेका हुन् ।

निकुञ्जका विभिन्न स्थानबाट घाइते भएका गैँडाका बच्चाको यहाँको राष्ट्रिय प्रकृति संरक्षण कोष तथा जैविक विविधता संरक्षण केन्द्रमा ल्याइएर उपचार र पालन-पोषण हुने गरेको छ । यही कारणले गर्दा यिनै गैँडाका बच्चा हाल सौराहतिर देखिरहेका छन् ।

सौराहस्थित संरक्षण केन्द्रमा हाल ‘राम’ र ‘देव’ नाम गरेका गैँडाका दुई भाले केटाहरू (बच्चाहरू) हुर्किरहेका छन् । गैँडाका बच्चा प्रायः वैशाख-असारको ‘सिजन’मा जन्मिन्छ । प्रारम्भिक जीवनमा तिनीहरूले बाघ, भालुलगायत आक्रमणकारी र अकालको जोखिम भोग्नुपर्छ । हाल केन्द्रमा रहेका राम र देवको उमेर दुई वर्षभन्दा बढी भएको छ । यिनको पालनपोषण कोषका कर्मचारी लालबहादुर महतरालगायतले गर्दै आएका छन् ।

प्रकृति संरक्षण कोषका वरिष्ठ संरक्षण अधिकृत अनिल प्रसाईंका अनुसार ‘देव’ र ‘राम’ दुवैलाई बाघको आक्रमणबाट घाइते अवस्थामा उद्धार गरिएको थियो । देवलाई भरतपुरको देवनगरबाट २०८० जेठ ३० गते उद्धार गरिएको हो । रामलाई सौराहकै बाघमाराबाट २०८० असार १ गते ल्याइएको थियो । उद्धारका समयमा यी दुवै गैँडाका बच्चा १५-२० दिनका मात्रै थिए । प्रसाईंले भने, ‘त्यसताका हामीले अत्यन्त दयनीय अवस्थामा भेटाएका थियौं ।’

रामलाई उद्धार गर्दा नजिकै एउटा माउ गैँडामात्र देखिएको थियो, तर त्यसलाई रामकै माउ भन्ने पुष्टि गर्न नसकिएको उनले बताए । ‘आमाले बच्चा स्वीकार गरिन् कि गरेनन् वा त्यो बच्चा उसको हो कि होइन भन्ने पक्का भएन । घाइतेजस्तो पनि देखिएको थिएन । हामीले हात्तीको सहायताले बच्चालाई आमासँग मिलाउने प्रयास गर्दा माउ गैँडा भाग्यो । त्यसपछि रामलाई यहाँ ल्याएर हेर्दा देब्रे खुट्टा टुटेको पाइयो, बाघले टोकेर छाडेको रहेछ । अनि उपचार र पालन-पोषण गरिएको हो ।’

त्यसैगरी, देवनगरबाट उद्धार गरिएको देवका चारवटै खुट्टाका हाड भाँचिएका थिए । बाँच्छ कि बाँच्दैन भन्ने शंका थियो । बाघले निकै घाइते बनाएका यो केटोको अवस्था हाल सुधार भएको छ ।

केन्द्रका चिकित्सक डा. अमिर सडौलाले यहाँ ल्याइएका गैँडाका बच्चा धेरैजसो बाघको आक्रमणमा परेका घाइते भएको पाइएको बताए । ‘यहाँ ल्याइएका गैँडाका बच्चामध्ये करिब ७० प्रतिशत बाघको आक्रमणमा परेर आउँछन्, बाँकी अन्य कारण वा भालेको आक्रमणका कारण घाइते हुने गर्छन्,’ उनले भने, ‘यहाँ ल्याएपछि मानिसको जस्तै उपचार गरिन्छ । घाइते गैँडाको पिसाब र शौच सामान्य भएमा बाँच्ने सम्भावना बढी हुन्छ ।’

गैँडाको स्वभाव अत्यन्त प्रतिरोधात्मक र प्राकृतिकरूपमा निको हुने क्षमता बढी हुने भएकाले सामान्यतया गैँडालाई विशेष उपचारको आवश्यकता कम पर्ने डा. सडौलाको भनाइ छ ।

यहाँ हुर्काइएका केही गैँडाहरू अन्य देशमा उपहारस्वरूप पठाइएको र केही गैँडाहरू प्राकृतिक जंगलमा पुनःस्थापना गरिएका छन् । पुष्पा र अञ्जलीलाई कोशी टप्पु वन्यजन्तु आरक्षमा, बांगे, बिरु, पूजा र माइला नामक गैँडालाई काठमाडौंस्थित सेण्टर चिडियाखाना पठाइएको छ । यस्तै, ब्युटी र जंगेलाई अस्ट्रियाको भियना चिडियाखाना तथा सोल्टीलाई चीनको सांघाई चिडियाखाना पठाइएको छ ।

वरिष्ठ संरक्षण अधिकृत प्रसाईंका अनुसार पछिल्लो चार दशकदेखि कोषले बाघ, गैँडालगायत घाइते वन्यजन्तुहरूको उद्धार, उपचार तथा संरक्षण गर्दै आएको छ । हालसम्म २० वटा गैँडाका बच्चा उद्धार गरिएकामध्ये १३ वटा जीवित रहन सफल भएका छन् । गैँडा चार वर्षपछि वयष्क हुने हुँदा वयस्क भएपछि व्यवस्थापन गरिने उनले बताए ।

हाल केन्द्रमा रहेका राम र देवलाई प्राकृतिक वातावरणसँग घुलमिल हुने अभ्यास गराइँदै छ । उनीहरू प्रायः निकुञ्ज तथा सौराह आसपासको क्षेत्रमा घुम्ने गर्छन्, जसले यहाँ आउने पर्यटकका लागि आकर्षणको केन्द्र बनाउँछ । छवटा गैँडाका बच्चालाई दैनिकरूपमा पालनपोषण गरी हुर्काइसकेका केन्द्रका वन्यजन्तु प्राविधिक लालबहादुर महतरा यी गैँडाको स्याहारमा संलग्न छन् । उनले आफ्नै सन्तानजस्तै माया गरेर गैँडाका बच्चाहरूलाई दूध एवं आहार खुवाउने गर्छन् । ‘बच्चा अवस्थामा दुई-दुई घण्टाको अन्तरालमा दूध खुवाउनुपर्ने हुन्छ भने अलि ठूला भएपछि मकैको कुँडो र अन्य आहार दिन सुरु गरिन्छ,’ महतराले भने, ‘मैले हालसम्म देव, राम, पूजा, माइला, पुष्पा र अञ्जली नामक गैँडाहरू हुर्काइसकेको छु । यहाँ ल्याउँदा हिँड्नसमेत नसक्ने अवस्थाका देव र राम पनि विस्तारै तंग्रिँदै छन् ।’

यहाँ संरक्षण गरिने गैँडाका बच्चालाई सुरुमा दैनिक करिब दुई केजीसम्म ल्याक्टोजिन दूध दिइन्छ र बच्चा ठूलो हुँदै गएपछि दूधको मात्रा क्रमशः बढाउँदै मकैलगायत अन्य आहार पनि खुवाइने कोषका चिकित्सक डा. सडौलाले बताए । उनका अनुसार, सामान्य गाई-भैँसीको दूध गैँडाका बच्चाले पचाउन सक्दैन किनभने त्यसको फ्याट र प्रोटिन संरचना गैँडाको पेटसँग मेल खाँदैन । त्यसैले बच्चा अवस्थामा खानपानमा विशेष ख्याल राख्न आवश्यक हुने उनको भनाइ छ ।

बच्चाहरूका बचपनमै बढी कुरा सिक्ने भएकाले माउको माया र साथबाट वञ्चित हुँदा उनीहरू प्राकृतिक वातावरणसँग सहजै घुलमिल हुन नसक्ने भएकाले सोहीअनुसार आफूहरूले व्यवस्थापन गर्ने गरेको वरिष्ठ संरक्षण अधिकृत प्रसाईंको भनाइ छ । उनले भने, ‘कोशीमा लगिएका गैँडालाई पनि त्यही उद्देश्यका लागि नयाँ बासस्थानमा लगिएको हो । माउ गैँडासँग हुँदा बच्चाले खान, हिँड्न र सत्रुबाट जोगिने सीप सिक्छ, तर मानव संरक्षणमा हुर्काइएका यिनीहरूले आमा गैँडाको मार्गदर्शन नपाउने भएकाले, अन्य गैँडाको हुलसँग घुलमिल हुन केही कठिनाइ हुन्छ ।’ *रासस*


## युएइमा रोजगार

कम्पनी : ALI & SONS CONTRACTING COMPAY OWNED BY ALI AND SONS HOLDING-SOLE PROPRIETORSHIP L.L.C

पूर्व स्वीकृति मिति : २०८१/04/२५ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/05/१९ | LT. No.308741 | चलानी नं. ६०२२३३५४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 18 | 0 | 800 | ३०,६८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ भदौ २७ गते (12th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १६४८/०८०/०८१

SECURE NEPAL JOB PLACEMENT PVT . LTD

Sinamangal-09, Tarahall chowk, Kathmandu, Nepal, Tel : 015919873, 015917974, Mob: 9851014874
E-mail: info@securenepaljobs.com, Website : www.securenepaljobs.com

## साउदीमा रोजगार

कम्पनी : EHAM OPERATION AND MAINTENANCE COMPANY IS A ONE-PERSON COMPANY | शहर : Riyadh

पूर्व स्वीकृति मिति : २०८१/११/२९ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/05/१९ | LT. No. 320297 | चलानी नं. ६०२३४४१२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 8 | 0 | 1800 | ६७,५६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ भदौ २७ देखि २९ गते (12-14 Sep. 2025) सम्म हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1573/079/080

SHREESHA INTERNATIONAL PVT.LTD.

Koteshwor-32, Kathmandu, Nepal Tel: 01-5918931, 5918932 Mobile No : 9802352700
Email: info@shreeshainternational.com, www.shreeshainternational.com

For Location

## युएइमा रोजगार

कम्पनी : ARD PERFUMES FACTORY L.L.C.

पूर्व स्वीकृति मिति : | LT. No. 330585 | चलानी नं. ६०२४४३९२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HELPER | 6 | 0 | 1000 | ३८,३५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ भदौ २७ गते (12th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क रू. | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1723/081/082

Sultan Gulf Oversease Pvt. Ltd.

Tokha-10, Kathmandu, Tel: + 977-01-5922873, Mobile No.9851003623, 9857071474, Email: sultangulfoverseas1723@gmail.com

## साउदीमा रोजगार

कम्पनी : AL BARAA ALI HUSSEIN AL MASHDUD TRADING EST. | शेवा शुल्क: १0,000

पूर्व स्वीकृति मिति : २०८२/05/१८ | LT. No. 330647 | चलानी नं.६०२४४४३९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading Unloading Labor | 2 | 0 | 1000 | ३७,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : UNLIMITED COFFEE CAFE FOR DRINKS | शेवा शुल्क: १0,000

पूर्व स्वीकृति मिति : २०८२/05/१८ | LT. No. 330476 | चलानी नं.६०२४४४३१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Food and Beverage Counter Worker | 2 | 0 | 1200 | ४५,०४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : DAILY STYLE DELICIOUS FOOD TRADING EST. | शेवा शुल्क: निःशुल्क

पूर्व स्वीकृति मिति : २०८२/05/१८ | LT. No. 330477 | चलानी नं.६०२४४४३३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Sweets Maker | 2 | 0 | 1200 | ४५,०४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ भदौ २७ गते (12th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)

श्रम इजाजत नं.११४२/०७३/०७४

Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com


## Triyuga Municipality
## Office of The Municipal Executive

**Gaighat, Udayapur**

**Koshi Province, Nepal**

## Invitation For Bid

Date of Publication: - 2082-05-20 (2025-09-05)

1. Triyuga Municipality Office, Gaighat, Udayapur invites online bids from duly registered eligible national bidders for the following works under National Competitive Bidding.

| S. N. | Contract ID | Description & Location of Works | Estimated Amount | Bid Document Fee (NRs.) | Bid Security Amount (NRs) | Bid Validity Period/Bid Security Validity Period |
|---|---|---|---|---|---|---|
| 1 | TM-UDA-NCB-WORKS-05/2082-083 | Construction work of Khaijanpur Bargachhi West Luhale Khola RCC Raod, Tri.Na.Pa.-02, Udayapur | 2,991,454.53 | 3,000.00 | 79,500.00 | 90 days/ 120 days |
| 2 | TM-UDA-NCB-WORKS-06/2082-083 | Construction work of Jajale Bajar - Deuri School - Tharu Tol Blacktop Road, Tri.Na.Pa.-06, Udayapur | 7,619,849.58 | 3,000.00 | 203,000.00 | 90 days/ 120 days |

2. Information to deposit the cost of bidding document and bid bond in bank:

| | | | |
|---|---|---|---|
| Office Name | Triyuga Municipality Office | Last date of Submission | 2082-06-20 (6th Oct. 2025) Time: -12:00 Hrs. |
| Name of Bank | Rastriya Banijya Bank, Gaighat | Date of Bid Opening | 2082-06-20 (6th Oct. 2025) Time: -13:00 Hrs. |
| Aantarik Rajaswa Khata No. | GA-1-1 2090100301010004 (For Bid Document Fee) | Pre-bid Meeting | 2082-06-10 (26th Sep. 2025) Time: -11:00 Hrs. |
| Rajaswa Shirshak No. | 14229 | Office Code No. | 80111403300 |
| Dharauti Khata No. | GA-3 2090100303000004 (For Bid Security) | | |

3. Bidder can only bid electronically through e-procurement section of PPMO's website http://www.bolpatra.gov.np/egp
4. Online bids must be valid for a given Bid Validity Period for tenders counting from the day of bid opening and must be accompanied by bid security which shall be valid for minimum 30 days beyond the bid validity period.
